
जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वडा दशैं चौथो दिन



माँ कुष्माण्डाको पूजा
सुरासम्पूर्णकलशं रुधिराप्लुतमेव च।
दधाना हस्तपद्माभ्यां कुष्मांडा शुभदास्तु मे॥

वर्ष २७ •अंक १२८ • २०८२ साल आश्विन ९ गते विहीबार (25 September, Thursday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## राजनीतिक नियुक्तिमा पनि ब्रेक

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लो समय राष्ट्रपति, प्रधानमन्त्री, मुख्यमन्त्रीसम्मदेखि पालिका अध्यक्षसम्मले प्रेस सल्लाहकारसहित मनोमानी ढंगले राजनीतिक नियुक्ति र विभिन्न खाले करारका कर्मचारी राख्ने फेसन चल्दै गर्दा संघीय सरकारले ल्याएको खर्च कटौतीको नीति अपनाउने भएको छ ।

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीले समेत स्वकीय सचिवको सुविधा खारेज गरिएको जनाइएको छ ।

अर्थ मन्त्रालयका सहसचिव एवम् प्रवक्ता टंकप्रसाद पाण्डेयले बुधबार जारी गरेको विज्ञप्तिमा गत असोज ५ गते बसेको मन्त्रिपरिषद् बैठकबाट असोज महिनादेखि लागु हुने गरी उक्त निर्णय गरिएको छ ।

यस निर्णयको प्रभाव मधेश प्रदेश सरकार र प्रदेशसभामा पनि परेको छ । प्रदेशसभामा सभामुख रामचन्द्र मण्डलले स्वेच्छाचारी ढंगले ११ जनालाई नियुक्ति गरेका छन् । उनीहरुको पनि जागिर धरापमा छन् ।

मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालय छन् । मधेश प्रदेशमा १०७ सदस्यीय प्रदेशसभा छ, मधेश प्रदेशमा मुख्यमन्त्री १ र मन्त्री ११ जना गरी १२ जना बाहेकका प्रदेशसभा सदस्यका स्वकीयको जागिर जाने भएको छ ।

प्रदेशसभा सचिवालयले जनाए अनुसार मधेश प्रदेश सरकार मातहत रहेका राजनीतिक नियुक्तिदेखि करारका कर्मचारीबारे अध्ययन गर्नका लागि प्रदेशस्तरीय कार्यदल गठन गरिएको छ । प्रदेशको सचिवस्तरीय बैठकबाट उक्त समितिले दिएको प्रतिवेदन अनुसार संख्यात्मक रुपमा रहेका राजनीतिक नियुक्तिका सल्लाहकार, स्वकीय सचिव र करारका कर्मचारीसमेतको तथ्यांक संकलन गर्ने कामकारबाही अघि बढाइएको छ ।

संघीय सरकारको अर्थ मन्त्रालयले जारी गरेको वक्तव्यको 'अन्य खर्च कटौती' शीर्षक अन्तर्गत प्रेस सल्लाहकार कटौती गरेर सूचना अधिकारीले नै काम चलाउने उल्लेख गरिएको छ । सरकारले हरेक कार्यालयमा सूचना अधिकारीको अलग्गै पदको व्यवस्था गरेको हुन्छ ।

### मधेश प्रदेशमा सरकारबाट कांग्रेस फिर्ता

## राजीनामा नदिने अडानमा सिंह दृढ, लोसपा र एमालेको समर्थन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारमा रहेको नेपाली कांग्रेसले बुधबार मन्त्रीहरुलाई फिर्ता बोलाएको छ । सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको छ ।

नेकां मधेश प्रदेश संसदीय दलको बुधबार बिहान बसेको बैठकले सरकारमा रहेका मन्त्रीहरुलाई फिर्ता बोलाएर समर्थन फिर्ता लिने निर्णय सर्वसम्मतबाट गरेको दलका प्रमुख सचेतक कुमर कान्त झाले बताए ।

'दलगत गठबन्धनको आधारमा जनमत पार्टीका मुख्यमन्त्रीलाई कांग्रेसले समर्थन गरेको थियो' उनले भने, तर जनमत पार्टीले नै मन्त्री फिर्ता बोलाइसकेर समर्थन समेत फिर्ता लिइसकेको अवस्थामा कांग्रेसले काँध थाप्ने विषय भएन ।

सरकारबाट समर्थन फिर्ता लिन दलका नेता कृष्णप्रसाद यादवमाथि चरम दबाब थियो । अधिकांश सांसदले सरकारको साथ नछाडे विद्रोह गर्ने धम्की समेत दिएको स्रोतले जनाएको छ ।

नेकांको तर्फबाट सुनिल यादव अर्थमन्त्री, शेषनारायण यादव उर्जा, सिचाइँ तथा खानेपानी मन्त्री, कोशल किशोर राय श्रम तथा यातायात मन्त्री र जनार्दन सिंह क्षेत्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री रहेका थिए ।

उनीहरु चारै जना सरकारबाट फिर्ता भइसकेको नेकां दलका नेता यादवले पुष्टि गरेका छन् । संसदीय दलमा सरकारको समर्थन फिर्ता लिन दबाब रहे पनि मन्त्रीहरु सरकारबाट बाहिरिन नहुने पक्षमा देखिएका थिए ।



संघीयताको रक्षार्थ मुख्यमन्त्री सतीश कुमार सिंहले अडान लिएको तर्क गर्दै कांग्रेसका मन्त्रीहरुले समर्थन जारी राख्न पार्टी नेतृत्वमाथि दबाब बनाएका थिए ।

कांग्रेसले समर्थन फिर्ता लिए पनि मुख्यमन्त्री सिंह राजीनामा दिन तयार भएका छैनन् । प्रदेश सभाको बैठकमा कांग्रेस र जनमत पार्टी विपक्षी बेञ्चमा बसेका छन् ।

बुधबारदेखि प्रदेश सभामा प्रमुख प्रतिपक्षको अनौपचारिक भूमिकामा कांग्रेस आएको छ । यस अघि जनता समाजवादी पार्टी (जसपा) नेपाल प्रमुख प्रतिपक्ष रहेको थियो । जसपा नेपालका निवर्तमान मुख्यमन्त्री सरोज कुमार यादव प्रमुख प्रतिपक्षी दलका नेता रहेका छन् ।सत्ता साझेदार लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालका संसदीय दलका उपनेता उपेन्द्र महतोले सरकारको औचित्य समाप्त भइसकेको जनाउँदै मुख्यमन्त्री सिंहले राजीनामा दिनु पर्ने बताए । 'प्राविधिक रुपमा मात्र सरकारमा लोसपा रहेको छ ' उनले भने, जनमत पार्टीलाई समर्थन गरिएको तर सो पार्टीले नै समर्थन फिर्ता लिइसकेपछि स्वतः समर्थन फिर्ता भए जस्तै छ ।

लोसपाका अर्का सांसद एवं पूर्वमन्त्री जितेन्द्र सोनलले मुख्यमन्त्री सिंहलाई राजीनामा दिएर अर्को सरकारका लागि मार्ग प्रशस्त गर्न प्रदेश सभा बैठकमा सुझाव दिए । तर सिंहमाथि त्यसको कुनै प्रभाव देखिएको छैन ।

सरकारलाई दिएको समर्थन जनमत र नेकांले फिर्ता लिए पनि चार दलीय गठबन्धन कायमै रहेको लोसपाका सभासद महतोले जनाएका छन् । नयाँ सरकार पनि यसै गठबन्धनबाट बन्ने उनले दाबी गरे ।

लोसपा नेपालका सभासदहरुले सरकारको नेतृत्व गर्ने पालो आफ्नो भएको दाबी गरेका छन् । एमाले र कांग्रेसमा मुख्यमन्त्री बनाउने किचलो देखिएको छ । एमालेले लोसपाको नेतृत्वमा सरकारमा जान तत्पर रहेको उच्च स्रोतले जनाएका छन् ।

सतीश कुमार सिंह जस्तै कमजोर नेतृत्वमा सरकार भए एमालेलाई सहज हुने स्रोतको दाबी छ । उनले कांग्रेसको नेतृत्व कुनै हालतमा स्वीकार्य नहुने बताए ।

कांग्रेसले पनि सरकारको नेतृत्व एमालेलाई दिन तयार छैन । आफूले नपाए लोसपाको नेतृत्वमा सरकार गठन गर्न कांग्रेसका कयौं नेताहरुले आन्तरिक छलफल थालेका छन् । उनीहरुले जनमत सरकारको नेतृत्व गर्ने पक्षमा नदेखिएकोले लोसपालाई नै नेतृत्व दिएर गठबन्धनलाई कायम राख्नुपर्ने तर्क गरिरहेका छन् ।

नेकां र एमालेलाई नेतृत्व दिन अन्य कुनै दल तयार देखिएको छैन । जनता समाजवादी पार्टी(जसपा) नेपाल दलका नेता सरोज कुमार यादवले कांग्रेस र एमालेको नेतृत्वमा बन्ने सरकारलाई समर्थन गर्न नसकिने बताएका छन् ।

जनमत पार्टी समेतले जसपा नेपालको नेतृत्वमा सरकारमा सहभागी हुन परहेज नभएको बताइसकेको छ ।

## शर्मा मुख्यमन्त्रीको प्रबल दाबेदार

**टुडे समाचारदाता**



जनकपुरधाम । मधेश प्रदेशमा सतीश कुमार सिंह नेतृत्वको सरकार अल्पमतमा परेसँगै नयाँ सरकार गठनको प्रयास तीव्र बनेको छ ।

चार दलीय गठबन्धनमा रहेका नेकां, एमाले, जनमत र लोसपा मिलेर नै नयाँ सरकार बनाउने संभावना बलियो देखिएको छ ।

कांग्रेस र एमालेबीच खिचातानी भइरहेकोले सरकारको नेतृत्व गर्ने अवसर लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालले पाउने प्रबल सम्भावना छ । लोसपाले सरकारको नेतृत्व गर्ने मौका पाए वर्तमान शिक्षा मन्त्री रानी कुमारी तिवारी मुख्यमन्त्री हुने निश्चित प्रायः छ । मुख्यमन्त्रीका लागि उपेन्द्र महतोको पनि सशक्त दाबी छ ।

सरकारमा रहँदा विवादित नभएकी शर्मालाई एमालेले पनि रुचाएको बताइएको छ । लोसपा अध्यक्ष महन्थ ठाकुरका प्रभावकारी सहयोगी रहेकी शर्मा नै उनको पहिलो रोजाइँमा रहेको एकजना लोसपाका नेताले बताए ।






# अवैध काठ र गाडी बरामद



टुडे समाचारदाता

रौतहट । रौतहटमा वन गस्ती टोलीले अवैध रूपमा काटिएको सालको काठसहित बोलेरो गाडी बरामद गरिएको छ। डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त कुमार साहको नेतृत्वमा धनसर सब-डिभिजन वन कार्यालयको संयुक्त गस्ती टोलीले काठसहित बोलेरो गाडी बरामद गरेको हो।

रौतहटस्थित लमहा पुलदेखि पश्चिमतर्फको लक्का (कजवे) हुँदै उत्तर तर्फको जङ्गलमा सालका रुख काटी ना. ४ च. ४६६६१ महिन्द्रा बोलेरो गाडीमा गोलिया लोड गरिरहेको अवस्थामा गाडी र काठ बरामद गरिएको छ।

मंगलबार राति गरिएको सर्च अप्रेसनका क्रममा तस्करहरू काठ र गाडी छोडी फरार भएका डिभिजन वन कार्यालय रौतहटले जनाएको छ । गस्ती टोलीले तत्काले ७ थान गोलिया करिब २५ क्यूफिट सालको काठ र गाडी बरामद गरी नियन्त्रणमा लिएको वन कार्यालय रौतहटले जनाएको छ।

बरामद काठ र गाडीलाई आवश्यक अनुसन्धानका लागि वन कार्यालयमा ल्याइएको डिभिजन प्रमुख साहले बताए।

# वीरगञ्ज नाका हुँदै दुई महिनामा सात अर्बका सवारीसाधन भित्रिए



वीरगञ्ज । चालु आर्थिक वर्षको पहिलो दुई महिनामा वीरगञ्ज नाकाबाट रु सात अर्ब १६ लाख मूल्यबराबरका सवारीसाधन तथा पार्टपुर्जा आयात भएका छन्।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा उक्त नाकाबाट रु एक अर्ब ७५ करोड बढी मूल्यका सवारीसाधन र त्यसमा प्रयोग हुने पार्टपुर्जा आयात भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ। कार्यालयका अनुसार गत आवको उक्त अवधिमा रु पाँच अर्ब २५ करोडका सवारीसाधन तथा पार्टपुर्जा आयात भएका थिए। कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको दुई महिनामा यो नाका हुँदै सवारीसाधनको आयात उत्साहजनक भएको बताउनुभयो। "गत आवको दुई महिनाको तुलनामा चालु आवको सोही अवधिमा सवारीसाधनको आयातबाट प्राप्त हुने राजस्वमा समेत वृद्धि भएको छ।" गत आवको दुई महिनामा सवारीसाधनको आयातबाट रु चार अर्ब ४७ करोड ७६ लाख राजस्व सङ्कलन भएको थियो भने चालु आवको दुई महिनामा सवारीसाधनको आयातबाट रु छ अर्ब १३ करोड ९२ लाख राजस्व सङ्कलन भएको छ।चालु आवको दुई महिनामा रु ४३ करोड ५२ लाख मूल्यका एक सय ७८ वटा जीप, कार र भ्यान आयात भएका छन्। जबकि गत आवको सोही अवधिमा रु ५१ करोड ६२ लाख मूल्यका दुई सय ९५ वटा जीप, कार र भ्यान आयात भएको थियो।

चालु आवको दुई महिनामा रु दुई अर्ब ७९ करोडका २० हजार ६२० थान अनएसेम्बल्ड मोटरसाइकल आयात भएको छ। जबकि गत आवको सोही अवधिमा रु एक अर्ब ८५ करोड मूल्यका १४ हजार ७६६ वटा अनएसेम्बल्ड मोटरसाइकल आयात भएको थियो। चालु आवको दुई महिनामा रु ६६ करोड ४३ लाख मूल्यका तीन सय १८ वटा अन्य बस ट्रकका चेसिस आयात भएको कार्यालयको भनाइ छ।रासस

# जेनजी आन्दोलनमा निजी क्षेत्रको कति भयो क्षति ?

काठमाण्डु । गत भदौ २३ र २४ गते जेनजी पुस्ताको आन्दोलनका कारण मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार जल्यो । न्यायको मन्दिर मानिने सर्वोच्च अदालतको भवन आगोमा दन्कियो। ऐतिहासिक धरोहरका रुपमा रहेको राष्ट्रपति कार्यालय शीतल निवासमाथि आक्रमण भयो, आगजनी गरियो ।चीन सरकारको सहयोगमा निर्माण गरिएको र सङ्घीय संसद्ले प्रयोग गरेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा पनि आगजनी गरियो। सरकारी संरचना, निजी क्षेत्रका उद्योग प्रतिष्ठानमाथि आक्रमण र आगजनी गरियो।

राजनीतिक नेतृत्वका घर तथा आवास पनि उसैगरी आक्रमण र आगजनीको शिकार भए । आन्दोलनकारीले सवारीसाधनमाथि आगो फोसे । लुटपाट भयो। ठूलो क्षतिका बीच सरकारी र निजी क्षेत्र क्रमशः लयमा फर्कने प्रयासमा छ । नयाँ सोच, नयाँ विश्वास र भरोसाका साथ उभिने प्रण सबैले गरेका छन्।

सरकारले यी सबै विषयमा अनुसन्धान गर्न गौरीबहादुर कार्कीको अध्यक्षतामा छानबिन आयोग गठन गरिसकेको छ । सो आयोगले सत्यतथ्य सार्वजनिक गर्ने नै छ।मुलुकको आर्थिक क्षेत्रमा झण्डै ८१ प्रतिशत योगदान गर्ने र रोजगारीमा ८६ प्रतिशत योगदान प्रदान गर्दै आएको निजी क्षेत्रमाथि पनि आन्दोलनका क्रममा आक्रमण भयो।

नेपाल उद्योग वाणिज्य महासङ्घलगायतका निजी संस्थाले क्षतिको विवरण सङ्कलन गरिरहेका छन् । यद्यपि, प्रारम्भिक विवरण भने सार्वजनिक गरेको छ। महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालका अनुसार हालसम्म उपलब्ध तथ्याङ्क र सूचनाअनुसार निजी क्षेत्रको मात्रै करिब रु ८० अर्ब बराबरको क्षति भएको छ । अध्यक्ष ढकाल निजी सबैभन्दा ठूलो रोजगारदाता भए पनि हरेक आन्दोलनमा निजी क्षेत्र निशानामा पर्नु गम्भीर विषय भएको बताउनुहुन्छ।

आन्दोलनका क्रममा निजी क्षेत्रमाथि आक्रमण हुनुले निजी क्षेत्रको महत्व बुझन र बुझाउन नसकिएको उहाँको बुझाइ छ। सरकारले छोटो समयमा नै निजी क्षेत्रको धाराणाअनुसार राहतका प्याकेज घोषणा गरेर निजी क्षेत्रको मनोबल उकास्ने काम गरेको र यसलाई महासङ्घले सकारात्मक रुपमा लिएको उहाँको भनाइ छ।

देशभर चेन निर्माण गरेर व्यापारमा विविधिकरण गर्दै आएको भाटभटेनी सुपरमार्केटमाथि आक्रमण भयो। भाटभटेनीका अध्यक्ष मिनबहादुर गुरुङले रु १० अर्ब ८५ करोड बराबरको क्षति भएको प्रधानमन्त्री सुशीला कार्कीसँगको भेटमा विवरण दिनुभएको छ। सो व्यापारिक प्रतिष्ठानको १२ वटा स्टोर पूर्णरुपमा जलाइएको र नौ वटामा आंशिक क्षति पुगेको छ।कूल २८ स्टोरमध्ये १६ वटा भने पुनःसञ्चालनमा आइसकेको छ । भाटभटेनीले नेपालीको सबैभन्दा ठूलो चाड दसैंको अवसरमा स्टोर बन्द भएकै कारण कुनै पनि कर्मचारीलाई सेवाबाट नहटाउने यसअघि नै स्पष्ट पारिसकेको छ । दसैं भत्तासमेत दिने उसको घोषणा छ।

"रोजगारी कोही कसैको पनि जाँदैन, तलब भत्ता पनि रोकिदैन", गुरुङले भन्नुभएको छ । भाटभटेनीका स्टोरमा राखिएका रु पाँच अर्ब ९६ करोड तीन लाख ६७ हजार पाँच सय ९३ बराबरको सामग्री पूर्णरुपमा जलेका छन् । यस्तै, झण्डै ५० करोड बराबरको सामग्री तोडफोड र लुटपाट भएको छ।

त्यस्तै, दूरसञ्चार सेवा प्रदायक एनसेलको लैनचौरस्थित मुख्य कार्यालयमा राखिएका दुई दर्जनभन्दा बढी सवारीमा गत भदौ २४ गते आगजनी गरिएको जनाएको छ । मुख्य कार्यालयको पहिलो तल्ला आगजनीका कारण क्षतिग्रस्त छ । १०औं तल्लासम्म लुटपाट भएको छ। कर्मचारीका व्यक्तिगत सामानसमेत हराएका छन्।

लैनचौरका साथै एनसेलको पोखरा, धनगढी र कञ्चनपुरको महेन्द्रनगरको कार्यालयमा तोडफोड र अगजनी गरिएको छ । सो कम्पनीका करिब चार सय कर्मचारीले हाल घरैबाट सेवा दिइरहेका छन् । आगजनी र लुटपाटमा बावजूत सो कम्पनीले तीन दिनसम्म आफ्ना सबै सेवा निःशुल्क दिएको थियो । नेपाल टेलिकमले जस्तै भ्वाइस, इन्टरनेट र एसएमएस निःशुल्क प्रदान गरेको सो कम्पनीले जनाएको छ।

एनसेलको सिमकार्ड बिक्री गर्नेदेखि त्यससँग जोडिएका झण्डै एक लाख बढीले रोजगारी पाएका छन् । मुलुकमा रोजगारी दिनेदेखि आर्थिक क्रियाकलापमा सहयोग गर्ने सङ्घ संस्था, उद्योग प्रतिष्ठानमाथि भएको आक्रमणले निजी क्षेत्र तस्त्र अवस्थामा रहेको महासङ्घले जनाएको छ।

होटल एशोसिएशन अफ नेपाल (हान) का अनुसार जेनजी आन्दोलनका क्रममा होटल क्षेत्रमा मात्रै झण्डै रु २५ अर्ब बराबरको क्षति पुगेको छ । काठमाडौँमा रहेको अन्तरराष्ट्रिय चेन होटल हिल्टनको मात्रै रु आठ अर्ब बराबरको क्षति भएको छ । राजनीतिक व्यक्ति जोडिएको भन्ने हल्ला चलाएर दाङको माला इन, मोरङको नेपालीरिका होटलमाथि आक्रमण भएको सम्बद्ध पक्षले जनाएका छन् । यसैगरी पोखराको सरोवर होटल, बगैँचा रिसोर्ट, गुडबिल होटल, अशुंभरा होटलमाथि आन्दोलनका क्रममा आगजनी र तोडफोड भएको छ ।यस्तै, काठमाडौँको वर्णवास होटल पनि आक्रमणको शिकार भएको छ । व्यवसायी विनोद चौधरीको गुर्जुधारामा रहेको सिजी पार्कमा आगजनी र तोडफोड भएको छ । त्यहाँ राखिएका सामान लुटपाट भएको छ। चौधरीको निवासमा पनि आक्रमण र आगजनी गरिएको विवरण सार्वजनिक भएको छ । चौधरी समूहमा मात्रै करिब पाँच अर्बको क्षति पुगेको प्रारम्भिक आकलन छ।



महासङ्घका अध्यक्षसमेत रहनुभएका ढकाल सम्बद्ध चन्द्रागिरि केवलकारको बेस स्टेशनमा लुटपाट र तोडफोड भएको छ। आगजनीका कारण केवलकार बन्द छ । मौलाकालिका केवलकारमा ठूलो क्षति पुगेको छ। चन्द्रागिरिको केवलकार मर्मतपछि तत्काले सञ्चालनमा ल्याउन सकिए पनि मौलाकालिकाको सञ्चालन भने अनिश्चित रहेको ढकालको भनाइ छ।

ढकालको आइएमई समूहले साते प्रदेशमा केवलकार निर्माण गर्ने योजना अगाडि सारेको छ। सोही क्रममा पूर्वको पाथीभरामा केवलकार निर्माणका लागि स्थापना गरिएको कार्यालयमा आक्रमण र तोडफोड भएको जनाइएको छ ।यस्तै, काठमाडौँको थापाथली, पानीपोखरी, नक्सालगायतका स्थानका गाडी शोरुममा आगजनीका कारण ठूलो धनमालको क्षति भएको छ । विभिन्न प्रदर्शनी तथा मेला आयोजना गरेर आटो व्यवसायमा नयाँ उभार आइरहेको बेला जेनजी आन्दोलनका नाममा भएको आगजनी र तोडफोडले ठूलो क्षति पुगेको व्यवसायीहरुको भनाइ छ।

**सरकारले यसबीचमा के गऱ्यो**

जेनजीको प्रदर्शनका क्रममा भएको सार्वजनिक सम्पत्तिको क्षतिको मूल्याङ्कनका निम्ति राष्ट्रिय योजना आयोगको सचिवालयको नेतृत्वमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विषयगत मन्त्रालय र जेनजीका प्रतिनिधिसहितको समितिले ४५ दिनभित्र क्षतिको मूल्याङ्कनको प्रतिवेदन सरकारलाई प्रस्तुत गर्ने निर्णय गरेको छ।

आगजनी तथा तोडफोडबाट सिंहदरबारस्थित क्षति भएका भौतिक संरचना, सवारीसाधन, मेसिनरी औजारलगायतको मिनाहा गर्ने र लिलाम बिक्री गर्ने सरकारले निर्णय गरिसकेको छ। जेनजी प्रदर्शनको क्रममा सृजना भएको असामान्य परिस्थितिबाट प्रभावित उद्योग, व्यापारिक तथा व्यावसायिक प्रतिष्ठान र आर्थिक गतिविधिलाई तत्काल सञ्चालन गर्नको निमित्त नेपाल सरकार, नेपाल राष्ट्र बैंक र बिमा कम्पनीहरूले विभिन्न किसिमका राहत सुविधाको कार्यक्रम सुरु गर्ने निर्णय भएको भएको अर्थमन्त्री डा रामेश्वर खनालले जानकारी दिनुभयो।

क्षतिग्रस्त संरचनाको पुनःनिर्माणका लागि आयात गरिने सामग्रीमा लाग्ने भन्सारमा ५० प्रतिशतसम्म छुट दिने प्रबन्ध गरिएको छ । बिमाबाट अग्रीम रुपमा क्षतिको ५० प्रतिशतसम्म दिनुपर्ने गरी व्यवस्था मिलायएको छ । त्यसैगरी सरकारले आन्दोलनबाट प्रभावित उद्योग र व्यवसायीले तिर्नुपर्ने ऋणको म्याद सार्नुपर्ने निर्णय गरेको छ। जसले कर्जा लिएर भुक्तानी गर्न सकेनेछन्। यस्तै, सहुलियतपूर्ण कर्जा र जसले कर्जा लिएर भुक्तानी गर्न नसकेनका लागि राष्ट्रियस्तरमा खडा हुने पुनःनिर्माण कोषबाट प्रदान गरिनेछ।

त्यस्तै, सरकारले पुनःनिर्माणका लागि पुनःनिर्माण कोण खडा गर्ने निर्णय गसिकेको छ। कोषमा नेपालभित्र र नेपाल बाहिरबाट नेपालीलेइच्छाअनुसार योगदान गर्नपाउनेछन्। अर्थमन्त्री खनालका अनुसार बैंक तथा वित्तीय संस्था र औद्योगिक प्रतिष्ठानले कम्पनीहरूले सामाजिक उत्तरदायित्वअन्तर्गतको रकम राख्न पाउने र त्यस्तो रकममा करकट्टी गर्न पाउनेछन्।

यस्तै, प्रधानमन्त्री सुशीला कार्कीले निजी क्षेत्रलाई कठिन परिस्थितिबाट दृढताका साथ उठ्न आह्वान गर्दै सरकार पूर्ण साथमा रहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । यही असोज ५ गते निजी क्षेत्रका प्रतिनिधिहरूसँग भएको छलफलमा प्रधानमन्त्री कार्कीले हालैको जेनजी प्रदर्शनका क्रममा व्यापारिक प्रतिष्ठान तथा उद्योगमा ठूलो क्षति पुगेको भन्दै राज्य र निजी क्षेत्र दुवैलाई साझा चुनौती आएको बताउनुभएको थियो। सरकारले अर्थतन्त्रका सुधारका लागि छिट्टै सुधारात्मक प्याकेज घोषणा गर्ने तयारी गरेको छ।

**बिमा दाबी २२ अर्ब २५ करोड**

जेनजी पुस्ताको आन्दोलनका क्रममा भएका क्षतिको बिमा दाबी रु २२ अर्ब २५ करोड ६५ लाख बराबर पुगेको छ। नेपाल बिमा प्राधिकरणका अनुसार बिमा दाबी सबैभन्दा बढी बागमती प्रदेशमा रहेको छ । बागमती प्रदेशमा रु १७ अर्ब ९७ करोड ७२ लाख बराबरको बिमा दाबी परेको छ । कूल एक हजार तीन सय ४३ वटा दाबीको आवेदन परेको प्राधिकरणले जनाएको छ।माइको इन्स्योरेन्स कम्पनीसहित कूल १८ वटा बिमा कम्पनीमा दुई हजार चार सय ७८ वटा बिमा दाबीको आवेदन हो । ठूलो मात्रामा भौतिक सम्पत्तिको क्षति भएकाले दाबीको मात्रा अझै बढ्न सक्ने देखिएको छ । यो निजी क्षेत्रको क्षतिको मात्रै दाबी हो। सरकारी संरचनाको भने बिमा नभएका कारण दाबी भुक्तानी हुन सक्दैन।

प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार, दिन ओरियन्टल इन्स्योरेन्स कम्पनीमा मात्रै रु पाँच अर्ब २२ करोड ९८ लाख बराबरको दाबीको आवेदन परेको छ । यस्तै, सिद्धार्थ इन्स्योरेन्समा रु पाँच अर्ब आठ करोड २८ लाख बराबरको आवेदन प्राप्त भएको छ । सम्पत्ति बिमाको पाँच सय ३८, मोटर बिमा एक हजार सात सय ७८, इन्जिनियरिङ तथा ठेकेदार जोखिमका एक सय ३२, परिवहन बिमा ११ र अन्य बीमाका १९ वटा आवेदन प्राप्त भएको जनाइएको छ।रासस

# डा भट्टराईद्वारा नेसपा (नयाँ शक्ति) को अध्यक्ष पद त्याग

काठमाण्डु । नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री डा बाबुराम भट्टराईले पार्टीको अध्यक्ष पद त्याग गर्नुभएको छ।

दीपज्योती बैङ्क्वेट बौद्धमा बुधवार बसेको नेसपा (नयाँ शक्ति)को केन्द्रीय समितिको विशेष विस्तारित बैठकमा अध्यक्ष डा भट्टराईले पदत्याग गर्ने प्रस्ताव पेस गर्नुभएको र केन्द्रीय समितिद्वारा स्वीकृत गरेको सो पार्टीका प्रवक्ता कृष्ण शर्माले राससलाई जानकारी दिनुभयो।उहाँले भन्नुभयो, "अध्यक्ष भट्टराईको पदत्याग गर्ने प्रस्ताव केन्द्रीय समितिद्वारा स्वीकृत भएको छ। पार्टीका उपाध्यक्ष दुर्गा सोवको अध्यक्षतामा महाधिवेशन आयोजक समिति बनाउने निर्णय गरिएको छ।"

महाधिवेशनसम्मको निम्ति उपाध्यक्ष दुर्गा सोबलाई संयोजक र महासचिव सोनामसिंह स्याङ्तानलाई सदस्य सचिव तथा पार्टी प्रवक्तामा कृष्ण शर्मालाई तोकिएको सो पार्टीका केन्द्रीय सदस्य टङ्क धमलाले बताउनुभयो । उहाँका अनुसार नेसपा (नयाँ शक्ति) ले आउँदो फागुन महिनासम्ममा आफ्नो पार्टीको विशेष महाधिवेशन गर्ने तयारी गरेको छ।रासस

# केन्द्रीय कारागारबाट फरार कैदी पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । जेन- जी आन्दोलनका क्रममा केन्द्रीय कारागार सुनधारा काठमाण्डुबाट फरार भएका एक कैदी पर्सामा पक्राउ परेका छन्।

इलाका प्रहरी कार्यालय पोखरियाबाट मंगलबार खटिएको प्रहरी टोलीले विशेष सूचनाका आधारमा कालिकामाई गाउँपालिका-५ का ४० वर्षीय मुक्तिनारायण कुर्मीलाई पक्राउ गरेको छ।



उनी आफ्नै ३५ वर्षीया श्रीमती संगिता देवी कुर्मीलाई घाँटी थिचेर हत्या गरेको कसुरमा पर्सा जिल्ला अदालतले २५ वर्ष कैद सजाय तोकेको अभियुक्त छन्।

पर्सा प्रहरीले जनाए अनुसार कुर्मी भदौ २४ गते आन्दोलनको दौरान कारागारबाट फरार भएका थिए। फरार भएपछि उनी आफ्नै गाउँमा लुकीछिपी बस्दै आएका थिए।

पर्सा प्रहरीले पक्राउ परेका कैदीलाई आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित कारागार कार्यालयमा पठाउने तयारी भइरहेको जनाएको छ।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक



| | |
|---|---|
| मेष : | उत्तरको लामो यात्रा नगर्नु राम्रो हुनेछ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ। |
| वृष : | राजनीतिक क्षेत्रमा संगठनले साथ दिनेछ। चाडपर्वको नाममा निन्द्रा गडबढ हुनेछ। |
| मिथुन : | अचानक धन नास हुने जोखिम छ। खर्च गर्नु अगाडि सचेत बन्नु राम्रो हुनेछ। |
| कर्कट : | आफूले आफूलाई चिन्न नसक्दा समस्या बल्झिनसक्छ। |
| सिंह : | साथीको सहयोगमा रमाइलो गर्ने समय हो। खानपानमा सचेत बन्नु राम्रो हुनेछ। |
| कन्या : | धनलक्ष्मी योग परेको छ। लक्ष्मीप्रति भक्ति राख्नु राम्रो हुनेछ। |
| तुला : | आफू सचेत रहनसके रोगबाट मुक्त हुने अवसर मिल्नेछ। |
| वृश्चिक : | साथीभाइको सहयोग मिल्नेछ। खानपानमा ख्याल नगर्दा रोग बढ्नेछ। |
| धनु : | आजको लगानीबाट फाइदा हुनेछ। रोगबाट मुक्त हुने योग छ। |
| मकर : | लगानी गर्ने अगाडि नबढ्नु राम्रो हुनेछ। सञ्चित धन खर्च हुनसक्छ। |
| कुम्भ: | लगीका क्षेत्रमा फाइदा हुनेछ। |
| मीन : | पश्चिमको यात्रा नगर्नु राम्रो हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामस्थित शक्तिपीठ राजदेवी माताको मन्दिरमा नवरात्रको तेस्रो दिन बुधबार पूजाअर्चनका लागि आएका भक्तजन । तस्बिर : रासस

# लागूऔषधसहित तस्कर पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटको बंकुल बजारमा सीमावर्ती भारतीय बजार घोडासहनबाट लागुऔषध ल्याउँदै गरेको अवस्थामा एक तस्करलाई मोटरसाइकलसहित भारतीय सीमा सुरक्षा बल एसएसबीले पक्राउ गरेको छ।

भारत-नेपाल सीमानाका नजिक घोडासहन अन्तर्गत पर्ने लक्ष्मीनिया टोलामा एसएसबी ७१ वीं बटालियन न्यू कोरैयाले गरेको कारबाहीमा नशालु औषधिसहित एक तस्करलाई पक्राउ गरिएको छ।

पक्राउ पर्नेमा भारत बिहार मोतीहारी जिल्ला घोडासहन थानाक्षेत्र अन्तर्गत कोरैया गाउँ, झरोखर पञ्चायतका राजु प्रसाद कुशवाहा रहेका छन् । उनलाई नशालु प्रतिबन्धित औषधसहित एसएसबीले नियन्त्रणमा लिएको छ।

एसएसबीका अनुसार कुशवाहा घोडासहनतर्फबाट नशालु औषधि ल्याई बंकुलस्थित राजवीर नाम गरेका व्यक्तिलाई पुऱ्याउने क्रममा पक्राउ परेका हुन्। उनलाई नियन्त्रणमा लिएर थप कारबाहीका लागि झरोखर थानामा बुझाइएको छ।

उनको मोटरसाइकलको डिकीबाट नशालु क्याप्सुल ट्रामाडोल ४० क्याप्सुल बरामद गरिएको एसएसबीले जनाएको छ।

# मिथिलामा झिझिया नृत्यको रौनक

जलेश्वर । 'तोहरे भरोसे बरहम बाबा झिझिया बनैलियो हे,

बरहम बाबा झिझिया पर होइनौ न सहाय अबोधवा बालक तोहर किछियो नै जनैछो हे ।'

'चल चल गे गैनिया कदम तर, तोहर बेटा के खैबौ बरहम तर'

'माछ मार गेले गे डैनिया बाबाके पोखरिया, माइर लेले कोतरी मछरिया गे'

यी र यस्तै मैथिली गीतसङ्गीतले यतिबेला मिथिला क्षेत्रमा रौनकता बढाएको छ। बडादसैं सुरु भएसँगै मिथिला क्षेत्रमा रातिको बेला झिझिया नृत्य पनि सुरु भएको छ। महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा पर्सासहितको तराई मधेसका समाजमा रहेका नकारात्मकबाट सन्तानको सुरक्षा गर्नु रहेको जलेश्वर नगरपालिका-५ का संस्कृतिविद् ध्रुव राय बताउनुहुन्छ।आफ्ना शाखासन्तान, परिवारको सुस्वास्थ्य र दीर्घजीवनको कामना यस नृत्यको पृष्ठभूमिमा छ। झिझिया लोक नृत्यको अर्को उद्देश्य दशमीको बेला माता दुर्गालाई स्तुति गर्नु पनि रहेको जलेश्वर-८ का पण्डित अनिल पाठकको भनाइ छ।

झिझियामा प्रयोग हुने घैंटोमा गरिएका असङ्ख्य प्वाल र त्यसलाई टाउकामा राखेर नृत्य गर्ने महिलाद्वारा टाउकोको दायाँबायाँ हल्लाइरहने प्रवृत्तिले यसको निहित विशेष अर्थलाई सङ्केत गर्ने जलेश्वर-८ की महिला बुधनी



सम्पूर्ण जिल्ला तथा भारतको सीतामढी र मधुवनी जिल्लासहित सम्पूर्ण मिथिला क्षेत्रमा झिझिया नृत्यको रौनक छाएको हो।

सुख, समृद्धि र पारिवारिक सुरक्षाको लोक अनुष्ठानका रूपमा झिझिया नृत्य महोत्तरीलगायत मिथिलाञ्चलभरि नाच्ने गरिएको जलेश्वर नगरपालिका नगरपालिका-१ मा अवस्थित प्रसिद्ध बाबा जलेश्वरनाथ महादेव मन्दिरका पुजारी उपेन्द्र पाठकको भनाइ छ।

उक्त नृत्यमा पूर्ण रूपमा तान्त्रिक विधिअनुसार घटस्थापनादेखि दशमीसम्म गरिने देवी दुर्गा स्तुति दर्शाइन्छ। झिझियाको उद्देश्य देवीको भनाइ छ। मिथिलामा झिझिया नृत्युको आफ्नै मौलिकता, पहिचान र इतिहास छ।

समाज रुपान्तरणको क्रममा रहेको समयमा यो लोकनृत्य आज पनि गाउँघरमा मात्र नभई सहरमा समेत प्रचलनमा छ।

वास्तवमा नृत्य प्रदर्शन गर्ने कला पनि हेर्नेयोग्य हुन्छ। चार-पाँच वर्षका बालबालिकादेखि लिएर तरुणी र अधवैसेसम्म यस नृत्यमा सहभागी हुने गर्छन् । टाउकोमाथि राखिएको घैटोँ र त्यसमाथि उज्यालो दिइरहेको आगोको डल्ला लिएर नृत्य गर्नु आफैँमा एउटा ठूलो कलाको प्रदर्शन गर्नु हो ।रासस

# भूत मेलाको लागि प्रख्यात भगवती सोनासतिमाई

जलेश्वर। महोत्तरी जिल्लाको औरही नगरपालिका-७ भोइल गाउँमा अवस्थित सोनासति महारानीको मन्दिर सोनामाई मन्दिरको नामले प्रख्यात रहेको छ । सदरमुकाम जलेश्वरदेखि २३ किलोमिटर उत्तरमा रहेको यस मन्दिर मिथिला क्षेत्रकै भगवती मन्दिर तथा शक्तिपीठहरुमध्ये महत्वपूर्ण एवं चर्चित धार्मिकस्थलको रुपमा रहेको छ।

मन्दिरमा विशेषगरी भूत, प्रेत, पिसाच, दुष्ट आत्मा तथा बोक्साबोक्सीहरुद्वारा सताइएका व्यक्तिहरुलाई झारफुक एवं तान्त्रिक विधिद्वारा निको हुने विश्वास गरिन्छ । सन्तान नभएकाहरुलाई सन्तान प्राप्त हुने, भाकल पूरा हुने विश्वास रहेको पुजारी कामेश्वर झाले बताउनुभयो। यहाँ दैनिकजसो पूजापाठ, आराधना, दर्शन तथा बलि प्रदान गर्न भक्तजनको घुइँचो लाग्ने गर्दछ।

करिब पाँच सय वर्षअघि यस मन्दिर रहेको क्षेत्रमा घना जङ्गल थियो। जङ्गलमा गाई, भैंसीलगायतका बस्तुभाउ चराउन जिल्लाको पश्चिमी तथा दक्षिणी भेगबाट मान्छेहरु आउने गर्दथे र रातिको बास जङ्गलमै बस्नुपर्दथ्यो। एक दिन बस्तुभाउ चरिरहेकै अवस्थामा पाँचवटा भैंसी एकैसाथ हराएपछि चरवाहाहरुले भैंसी खोज्दै जाँदा हाल मन्दिर रहेको क्षेत्रमा पुग्दा सोनासति महारानी मानवको रुपमा प्रकट भई 'भैसी आफूसँग रहेको जानकारी गराउनुभयो । उहाँले 'मलाई दैनिक पूजापाठ, साँझ बत्ती, आरती गरे मात्र भैंसी दिने नत्र नदिने' भनेपछि चरवाहाहरुले सोही दिनदेखि त्यहाँ सोनासतिमाईको पूजापाठ आरती हुँदै आएको माताको तत्कालीन पुजारी माझी झाको भनाइ किम्वदन्तीको रुपमा रहेको पुजारी झगरु झा बताउनुहुन्छ।

अर्को प्रसङ्गमा पुजारी माझी झाको मित्र माझी चौधरीका व्यक्ति बिनाकसुर वीरगञ्ज जेलमा परेपछि उनले जेलबाटै सोनासति महारानीको मन्दिर बनाइदिन्छु भनी भाकल गर्दा जेलबाट निस्केको कहानी समेत स्थानीयहरुको जनजिब्रोमा



रहेको कुरा अर्का पुजारी घनश्याम झाको कथन छ।

मन्दिर निर्माण हुनुपूर्व यहाँ कहचरीया स्थान भन्ने एउटा धेरै पुरानो सिसौको रुखको टोड्कामा सोनासति महरानीको बास रहने गरेको स्व पुजारी राजेन्द्र झा (बन्ठु) को भनाइ थियो। केही वर्षपछि पुजारीले कहचरीया स्थानबाट मूर्ति ल्याई हाल मन्दिर रहेको स्थानमा माटोको घर बनाई दैनिक पूजापाठ गर्न थाल्नुभयो । यसैबीच सोनामाईकै नाम स्मरण गर्दा जेलबाट मुक्त भएका माझी चौधरीले मातालाई गरेको पूर्ववाचाअनुसार मन्दिर बनाई दिएपछि त्यसमा माताको प्राणप्रतिष्ठा गराई पूजापाठ हुन थालेको स्थानीय राजनीतिकर्मी नरेन्द्र यादवले बताउनुभयो।

धेरै वर्ष सोही मन्दिरमा पूजाआजा भयो र पुनः सो मन्दिर पनि पुरानो र जीर्ण भएपछि त्यसलाई भत्काई अहिलेको नयाँ मन्दिर बनेको छ र यसै मन्दिरमा माताको पूजा, पाठ, आरती दैनिक रुपमा भइरहेको छ। यस शक्तिपीठलाई देशकै नमूना शक्तिपीठ तथा धार्मिक एवं पर्यटकीयस्थलको रुपमा समेत विकास गर्न सकिने स्थानीयहरुको भनाइ रहेको छ।

नेपालकै धार्मिक एवं ऐतिहासिक धरोहरहरुमध्येको यो मन्दिर पनि एउटा शक्तिपीठ हो । यहाँ विशेषगरी दसैंमा छिमेकी मुलुक भारतबाट हजारौं श्रद्धालु भक्तजनको पूजाआजा, दर्शन, भेटी र बलि चढाउनुका साथै भूत मेलामा सहभागी हुनका लागि घुइँचो लाग्ने गर्दछ। घटस्थापनादेखि विजयादशमीसम्म यस मन्दिरमा बडो हर्षोल्लास र धुमधामका साथ विशेष पूजा आराधना गर्नुको साथै यहाँ ठूलो भूत मेला लाग्ने गर्दछ।

यस मन्दिरमा मनोकामना पूरा भएको भन्दै मानिसहरु पूर्व भाकलअनुसार लड्डु, मिठाई, बोका, परेवा, राँगालगायतका पञ्चबलि चढाउन आउने गर्छन् । कतिले त सुन चाँदीका गरगहना, लत्ताकपडा, मुकुट, गेरुवा, चनमा आदि पनि चढाउने गर्छन् भने कतिले विभिन्न आकारका घण्टीहरु समेत चढाउने गर्छन्।

पहिलापहिला प्रत्येक वर्ष वैशाखदेखि असोजसम्म छिमेकी गाउँहरुबाट चामल, धुप, अगरवती, फूल, पैसा सङ्कलन गरी महिला र पुरुषको समूह बनाएर माताको पूजा गर्न आउने चलन समेत रहेको स्थानीय राजनीतिकर्मी रामबाबु चौधरी बताउनुहुन्छ। यस मन्दिर परिसरमा गणेश, राजदेवी, सरस्वती आदि देवीदेवताको मूर्तिको अतिरिक्त तपसी बाबाको धुनी समेत रहेको छ । यहाँ वर्षको ३६५ औं दिन चौबिसैं घण्टा आगो (धुनी) बलिरहन्छ।

यहाँ प्रत्येक वर्ष बडादसैंको अवसर पारेर ठूलो भूत मेला पनि लाग्ने गर्छ। दसैंको दश दिन यहाँ सोनासति महारानी साक्षात विराजमान रहने गरेको जनविश्वास रहेको अर्का पुजारी रमेश झाले बताउनुभयो । असोज शुक्ल प्रतिपदादेखि विजया दशमीसम्म यहाँ ठूलो मेला लाग्ने गर्छ । दसैंको पहिलो दिनअर्थात् घटस्थापनाको दिन बिहान ३/४ बजे पुजारीको घरबाट परम्परागत बाजागाजाको साथ सबै पुजारी सामेल भई 'डाला' (धुप, दीप, अक्षता, कलश, नैवेध, रातो कपडा, खर्ग आदि) मन्दिरमा लगिन्छ र घटस्थापना हुन्छ एवं जमरा राखिन्छ। यसै दिनदेखि नवरात्रि आरम्भ हुन्छ। द्धितीयादेखि षष्ठीसम्म ठूलो सङ्ख्यामा भक्तजन आउने पूजापाठ गर्ने, दर्शन गर्ने, लड्डु, पेडा, मिठाई मातालाई चढाउने तथा बोका, परेवाको बलि दिने गरिन्छ। त्यसैगरी सप्तमीको दिन विभिन्न ठाउँबाट आएको फूलपाती मन्दिरमा भित्र्याउने चलन छ।

त्यस्तै नशा पूजा अष्टमीको दिन हुन्छ र सो दिन रातिमा धुप-दीप, नैवेद्य, फलफूल, चुरा, सुन, चाँदी आदिले भव्य पूजा भई मन्दिरभित्रै बोका बलि दिइन्छ। त्यस्तै राजदेवीलाई कुभिन्डोको बलि दिने तथा माताको जीउभरि घ्यू र सिन्दूर लगाई नयाँ कपडा लगाउने चलन छ। यस मन्दिरमा महानवमीको दिन सयभन्दा बढीको संख्यामा राँगाको बलि प्रदान हुन्छ । विजयादशमीको दिन पुनः माता सोनासतिको डाला मन्दिरबाट परम्परागत बाजागाजाको साथ पुजारीको घरमा लगेर विधिवत् तरिकाले सोनामाई मेलाको सम्पन्न हुन्छ। यसै दिन भोइल, टिमकिया, औरही, चेपकट, श्रीपुर, मेघनाथ गोरहन्ना आदि) गाउँका वासिन्दाहरु खुशीले लड्डु, मिठाई, पेडा, खोवा, जिलेवी आदि चढाएर आपसमा प्रसाद बाँड्ने गर्दछन्।

यस सोनामाई मन्दिरको विशेष आकर्षणको रुपमा यहाँ चौथीदेखि अष्टमीको दिनसम्म भूत मेला लाग्ने गदर्छ । चौथीदेखि अष्टमीसम्मको पाँच दिनसम्म करीब पाँचसयको सङ्ख्यामा आफूलाई भूत, प्रेत, पिसाच, दुष्ट आत्मा र बोक्साबोक्सीद्वारा सताएको ठानिएका व्यक्तिहरु यस गाउँको चारैतिरको सीमा क्षेत्रमा प्रवेश गर्दा रुँदै, कराउँदै, दौडदै राजदेवीमाईको खुट्टानिर लड्ने गर्दछन् । मन्दिरका पुजारीहरुले ती व्यक्तिहरुलाई तन्त्रमन्त्रद्वारा बाँध्ने तथा भूत, प्रेत, तथा बोक्साबोक्सीबाट मुक्ति दिलाउने गरिएको स्थानीय प्रेमबाबु यदुवंशीले बताउनुभयो।रासस

# सिरहामा विद्युत् चुहावट बर्सेनि बढ्दो

सिरहा । सिरहामा विद्युत् चुहावटको मात्रा हरेक वर्ष बढ्दै गएको पाइएको छ। नेपाल विद्युत् प्राधिकरण लहान वितरण केन्द्रका अनुसार आर्थिक वर्ष २०८०/८१ मा चुहावटको मात्रा ३१ दशमलव ६५ प्रतिशत रहेकामा आव २०८१/८२ मा यो बढेर ३८ दशमलव १० प्रतिशत पुगेको छ। हालैको तथ्याङ्कानुसार आव २०८२/८३ को साउनसम्ममा चुहावट झनै बढेर ४४ दशमलव ४६ प्रतिशत पुगेको छ।

वितरण केन्द्रका प्रमुख अवधेशकुमार गुप्ताका अनुसार चुहावटको मुख्य कारणमध्ये एक हुकिङ गरेर अत्यधिक मात्रामा कृषि मिटरको दुरुपयोग हुनु हो। लामो खडेरीका कारण धान रोपाइँ तथा सिँचाइका लागि केही लचिलो नीति अवलम्बन गरिए पनि प्राधिकरण अब कडाइका साथ चोरी नियन्त्रणमा लाग्ने उहाँले स्पष्ट पार्नुभएको छ।

उहाँले भन्नुभयो, "यस वितरण केन्द्रबाट १७ हजार कृषि मिटर वितरण गरिए पनि किसानले मुस्किलले पाँच हजार मिटरमात्र खेतमा राखेका छन्, बाँकी सबै घरमै राखेर दुरुपयोग गरिएको छ।" कृषि मिटरको सुरक्षित प्रयोग नगर्दा बर्सेनि मानिसको



मृत्युसमेत भइरहेको जानकारी दिँदै गुप्ताले विद्युत् चोरीलाई नियन्त्रण गर्न कानुनी कारबाहीलाई कडाइका साथ कार्यान्वयन गरिने बताउनुभएको छ।

प्राधिकरणका अनुसार विद्युत् चुहावटको प्रमुख कारणमध्ये चोरीलाई न्यूनीकरण गर्न सके यसले चुहावट नियन्त्रणमा टेवा पुर्याउनुका साथै प्राधिकरणको आर्थिक अवस्थामा समेत सकारात्मक प्रभाव पार्नेछ। यसका लागि प्राधिकरणले मिटरको माग गर्दा तोकिएको समयमै मिटर उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ।

कार्यालयले विद्युत् चोरीलाई सामाजिक अपराधका रूपमा स्थापित गर्दै स्थानीय तहसँग साझेदारीमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको छ। विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ अनुसार चोरीबाट वितरकलाई हानि भएमा सोबापतको क्षतिपूर्ति तिर्नुपर्नेछ । यदि कसुर पुनः दोहोरिएमा वास्तविक हानिको दुई सय प्रतिशतसम्म क्षतिपूर्ति कसुरदारले बुझाउनुपर्ने कानुनी व्यवस्था छ।

सिरहामा प्राधिकरणको लहान, मिर्चैया र सदरमुकाम सिरहामा गरी तीनवटा वितरण केन्द्र छन् । जसमध्ये लहान वितरण केन्द्रअन्तर्गत लहान, सुखीपुर, धनगढीमाई नगरपालिका तथा बरियारपट्टी, विष्णुपुर, औरही, लक्ष्मीपुर पतारी र भगवानपुर गाउँपालिका रहेका छन्। रासस

# साल्ट ट्रेडिङ कर्पोरेसनमा २२८ मेट्रिक टन रासायनिक मल मौज्दात


झापा। साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड झापा कार्यालयले चालु आर्थिक वर्ष २०८२ / ८३ को पहिलो चरणमा दुई हजार ११३ मेट्रिक टन रासायनिक मल वितरण गरेको छ। तीमध्ये एक हजार ३५५ मेट्रिक टन युरिया र ७५८ मेट्रिक टन डिएपी मल छन्। मल स्थानीय सहकारी र कृषि संस्थामार्फत वितरण गरेको कार्यालयका प्रमुख विष्णुप्रसाद न्यौपानेले जानकारी दिनुभयो। पालिकाले तोकेका सहकारी र कृषि संस्थाहरुले लगेको मल किसानलाई बिक्री गर्दै आएका छन्।

चालु आर्थिक वर्षको साउनदेखि हालसम्ममा धानखेतीका लागि एक हजार ३०५ मेट्रिक टन युरिया र ७५८ मेट्रिक टन डिएपी मल बिक्री वितरण गरिएको उहाँले बताउनुभयो। सोही अवधिमा चिया खेतीका लागि ५० मेट्रिक टन युरिया मल वितरण गरेको कार्यालयले जनाएको छ। उहाँले धान खेतीका लागि पालिकाहरुले १४० सहकारी र कृषि संस्थालाई मल वितरणका लागि अधिकृत विक्रेता सिफारिस गरेका थिए। पहिलो चरणमा धान खेतीका लागि प्राप्त डिएपी मलमध्ये हाल कार्यालयमा २२८ मेट्रिक टन मल मौज्दात छ।

चियाका लागि आएको मलमध्ये ६०० मेट्रिक टन युरिया र ४०० मेट्रिक टन डिएपी मल भने कार्यालयमा मौज्दात रहेको उहाँले जानकारी दिनुभयो। चिया तथा कफी विकास बोर्डमा दर्ता भएका चिया उत्पादक कम्पनी तथा संस्थालाई रासायनिक मल उपलब्ध गराउने प्रावधान रहेको उहाँको भनाइ छ।रासस

जनकपुर टुडे

२०८२ साल आश्विन ९ गते बिहीबार (25 September, Thursday, 2025)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# संघीयताको उपहास

*संघीयताको जननी मानिने मधेश प्रदेशमा नै संघीयताको उपहास भइरहेको छ। संघीयता जोगाउन पार्टीबाट एक्लिएर मुख्यमन्त्री सतीश कुमार सिंहले संघीयता विरोधी कित्तामा रहेको नेकपा एमालेको शरणागत भएका छन्। नेकपा एमालेको सहारामा उनी जनमत पार्टीबाट अलग्गिएका छन्। एमालेले धरातल नभएको निरीह र कमजोर मुख्यमन्त्रीको काँधमा बन्दुक राखेर चलाइरहेका छन्। १३ जना सभासद रहेको जनमत पार्टीका १२ जना सभासद प्रदेश सभाको विपक्षी बेञ्चमा बस्दा मुख्यमन्त्री सिंह एक्लै एमालेसित सत्ता पक्षको बेञ्चमा बसेका थिए। लोकतन्त्रमा दल महत्वपूर्ण हुन्छ। दलगत निर्णयले नै सरकार र प्रदेश सभा सञ्चालन हुन्छ। तर यहाँ पुच्छरले कुकुर हल्लाई रहेको छ। जनमत पार्टीले प्रदेश प्रमुख र प्रदेश सभामा मुख्यमन्त्री सिंहलाई फिर्ता बोलाएर सरकारबाट समर्थन फिर्ता लिएको पत्र दर्ता गराएको हप्ता दिन भइसक्दा पनि कुनै कारबाही भएको छैन। लोकतान्त्रिक विधि र प्रक्रियालाई मिच्दा देशमा हालै भीषण आन्दोलन भएको छ। अहिले पनि क्षतिको मूल्यांकन भइरहेको छ। एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीको अहंकार र हठको कारण देशमा अकल्पनीय क्षति भएको छ। जनधनको व्यापक क्षति हुँदा पनि एमालेका नेताहरुको चेत खुलेको छैन। लोकतान्त्रिक विधि र प्रक्रियालाई मिच्ने प्रयास गर्दा प्रदेश प्रमुख र प्रदेश सभामुख विवादित बन्न थालेका छन्। प्रदेश सभाको गत अधिवेशनमा सभामुखले तानाशाही प्रवृत्ति देखाउँदा लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालका संसदीय दलका उपनेता उपेन्द्र महतोले गरेको प्रतिकार सभामुखले बिर्सेको हुन सक्छन्। तर समयमै सचेत नभए जनमत पार्टीपनि त्यो स्थितिमा पुग्न नसक्ने भन्न सकिदैन। विधिको शासन व्यवस्था कायम रहे मात्र संघीय लोकतान्त्रिक गणतन्त्र सुरक्षित रहन सक्छ। एमालेको आडमा लोकतान्त्रिक विधि र प्रक्रियालाई उपेक्षा गरी मुख्यमन्त्री सिंहले संघीयताको रक्षार्थ पद त्याग नगर्ने हास्यास्पद कार्य नगर्दा नै सबैको हितमा हुनेछ। मुख्यमन्त्री रहेका सतीश कुमार सिंह अहिले एकजना व्यक्ति भएका छन्। उनलाई दलले निष्कासन गरिसकेको छ। तर पनि उनलाई एमालेले समर्थन गरेर विश्वासको मत लिन उक्साइरहेको छ। त्यसको मतियार सभामुख रामचन्द्र मण्डल र प्रदेश प्रमुख समेत बनिरहेका छन्। यिनीहरुको क्रियाकलापले मधेश प्रदेश सभा विघटन भए आश्चर्य हुने छैन। संघीयताको उपहास गर्ने काम गर्ने दल र नेताको पतन निश्चित छ। भ्रष्टाचार गर्नलाई व्यवस्थासित नै खेलवाड गर्नेहरुले मधेशको मात्र नभइ देशको समेत अहित गरिरहेका छन्। कहीँ न भएको जात्रा मधेश प्रदेशमा भइरहेको छ। सत्ता साझेदार नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले समेत संसदमा नै मुख्यमन्त्री सिंहलाई मार्ग प्रशस्त गर्न सुझाव दिँदै संसदीय दलबाट सरकारबाट अलग भएर समर्थन समेत फिर्ता लिने निर्णय गरिसकेपछि विश्वासको मत लिने हठ गर्नु अलोकतान्त्रिक हो। तत्काल राजीनामा दिएर मुख्यमन्त्री सिंहले संघीय लोकतान्त्रिक मूल्य, मान्यता अनुकूल आचरण देखाउनु पर्छ।*

# ब्रम्हाण्डको सृष्टिकर्ता माता कुष्माण्डाको पूजा

***सुरासम्पूर्णकलशं रुधिराप्लुतमेव च।***
***दधाना हस्तपद्माभ्यां कुष्मांडा शुभदास्तु मे॥***

बडा दशैंमा चौथो दिन माता कुष्माण्डाको पूजा गरिन्छ। माता कुष्माण्डा दूर्गा भवानीको चौथो रुप मानिन्छ। आफ्नो मधुर मुस्कान सहित अण्ड अर्थात ब्रम्हाण्डको उत्पति गरेको कारण उनको नाम कुष्माण्डा देवीको रुपमा प्रख्यात भएको हो।जुन बेला सृष्टि थिएन् ।पृथ्वी थिएन् ।सर्वत्र अंघकार थियो। त्यती बेला माता कुष्माण्डाले नै आफ्नो मन्द हास्यबाट ब्रम्हाण्डको रचना गर्नु भयो। त्यसै कारण उहाँलाई यो संसारको आदिस्वरुपा वा आदिशक्ति भनिन्छ।देवी कुष्माण्डाले नै ब्रम्हाण्डको रचना गरेकी हुन्।

माता कुष्माण्डाको आठवटा हात छन्। त्यसकारण उहाँको नाम अष्टभुजाधारीपनि हो।उहाँको सातवटा हातमा क्रमशः कमण्डल, धनुष, बाण, कमल-पुष्प, अमृतपूर्ण कलश, चक्र र गदा शुशोभित छन्। आठौ हातमा सम्पूर्ण सिद्धी तथा निधी प्रदान गर्ने कल्याणकारी जप माला रहेको छ।

माता कुष्माण्डाको सवारी सिंहमा हुने गर्छ।उहाँलाई सिंहको सवारी मन परेको हो।तर मातालाई कुम्हर(एक प्रकारको तरकारी)को बलि अत्यन्त प्रिय छ।कुम्हरलाई संस्कृतमा कुष्माण्ड भनिन्छ।उहाँको नाम कुष्माण्डा परेको कारण त्यसलाई मानिएको छ।माता कुष्माण्डाको वास सूर्यमण्डलको भित्रको लोकमा छ।सूर्यलोकमा रहने क्षमता उहाँमा मात्र छ।सूर्यको तेजलाई वर्दास्तगर्ने क्षमतावान वैभवशाली माता कुष्माण्डाको शरिरको कान्ति र प्रभा सूर्यकै समान दैदिप्यमान (चम्किलो) छ।उहाँको तेजबाट नै दसौं दिशा उज्जवल र आलोकित छ।ब्रम्हाण्डमा व्याप्त सबै वस्तु र प्राणीमा उहाँकै तेज व्याप्त छ।माता कुष्माण्डाको तेजले नै संसार तेजिलो बनेको छ।



अत्यन्त शान्त भाव, मन स्वच्छ र शरिरलाई पवित्र गरी नवरात्रिको चौथो दिन पूजा आरधना गर्नु पर्छ। यसले भक्तहरुको रोग र शोकको नाश हुन्छ।साधकहरुको आयु, यश, बल, आरोग्य प्राप्त हुन्छ।माता कुष्माण्डा थोरै पूजाबाट प्रसन्न हुन्छिन्।उहाँको पूजाका लागि धेरै सामग्रीको पनि आवश्यकता पर्दैन्। तर उहाँको पूजा स्वच्छ र पवित्र तनमनले गरे चाँडै वर प्राप्ति हुन्छ। सच्चा मनले पूजा गर्नेहरुलाई सहजतासित नै परमपद प्राप्त हुन्छ।

विधि-विधानले पूजा गर्दा भक्तलाई अल्प समयमा नै माताको कृपाको सूक्ष्म भाव अनुभव हुन थाल्छ।देवी कुष्माण्डाले आर्धीं, व्यवधान लगायतबाट मुक्त गरी सुख-समृद्धि तथा उन्नति प्रदान गर्नु हुन्छ। अंततः यसै देवीको उपासनामा सँधै तत्पर रहनु पर्छ।

बडा दशैंमा दश दिन सम्म नै श्रद्धालुहरुले माता दूर्गा भवानीको विभिन्न स्वरुपको पुजा गर्छन्।पहिलो दिन माता शैलपुत्री, दोस्रो दिन ब्रम्हचारिणी, तेस्रो दिन माता चन्द्रघण्टा र चौथो दिन कुष्माण्डाको पूजा गरिन्छ।आदिशक्ती स्वरुपा दूर्गा भवानी एउटै भएपनि विभिन्न कालखण्डमा विभिन्न स्वरुपमा अवतरित भएर असंभव कार्यहरुलाई सहजै संभव बनाएकी हुन्।

दश दिन सम्म बडा दशैं रहेपनि नौ दिन सम्म मात्र नौ स्वरुपको पूजा हुन्छ।माता दूर्गाको मन्दिरहरु अथवा पण्डाल र मूर्ती स्थापना गरी गरिने पूजामा सबै स्वरुपको मूर्ती बनाईएको देखिदैन्।मन्दिर र पण्डालहरुमा दूर्गा भवानीसँगै भगवान गणेश, माता लक्ष्मी, सरस्वती, भगवान शंकर लगायतका देउताहरुको पनि मूर्ती स्थापना गरिएको हुन्छ।तर पूजा विधि विधान अनुसार नौ दिन सम्म माता दूर्गाकै विभिन्न स्वरुपको पूजा गरिन्छ।

# “नेपालको न्याय परम्परागत मेलमिलापदेखि संवैधानिक स्वतन्त्रतासम्म”

**पंकज यादव**

“न्याय धर्म” न्यायालयले अपनाउनु पर्ने उच्चतम नैतिक, कानूनी र मानवीय कर्तव्यहरूको समुच्चयलाई बुझिन्छ। यो केवल कानूनी धारा वा प्रावधानअनुसार निर्णय गर्ने कुरा मात्र होइन बरु निष्पक्षता, नैतिकता, मानव अधिकारको सम्मान र सार्वजनिक विश्वास कायम राख्दै न्याय दिनु हो। नेपालमा यसको विकास ऐतिहासिक रूपमा विभिन्न चरण हुँदै आएको छ परम्परागत स्थानीय न्याय प्रणालीदेखि आजको संवैधानिक अदालतसम्म।

पञ्च-भलाद्मी न्याय प्रणाली (मध्यकालीन नेपाल) मुलुकी ऐन लागू हुनु अघि नेपालमा कुनै औपचारिक लिखित कानुनको व्यवस्था थिएन। त्यस समय विवाद समाधानको जिम्मा मुख्यतया स्थानीय समुदायमै हुने गर्थ्यो जहाँ सम्मानित र विश्वासिलो ठानिएका पाँच जना व्यक्ति (पञ्च) वा उच्च सामाजिक प्रतिष्ठा भएका भलाद्मीहरू मिलेर विवादको सामूहिक रूपमा फैसला गर्थे। यी पञ्च वा भलाद्मीहरूलाई चयन गर्दा उनीहरूको जीवन अनुभव, व्यक्तिगत ईमानदारी र समाजमा स्थापित प्रतिष्ठालाई मुख्य आधार मानिन्थ्यो। न्यायको आधार धर्म, रीति-रिवाज, परम्परागत मूल्य र मौखिक सहमतिमा टेकेर बनाइन्थ्यो जसले गर्दा प्रक्रिया छिटो सस्तो र सामान्य मानिसका लागि सजिलो हुन्थ्यो। यो प्रणालीको विशेषता भनेको तत्कालीन सामाजिक संरचना भित्र मेलमिलाप र सहमतिको संस्कृति कायम गर्नु थियो। तर आधुनिक दृष्टिले हेर्दा यसमा ठूला सीमितताहरू थिए जस्तै निष्पक्षता र प्रक्रियागत न्यायको मापदण्ड पूरा नगर्नु कानुनी अपीलको औपचारिक व्यवस्था नहुनु र महिला, दलित तथा अन्य कमजोर वर्गको प्रतिनिधित्वको अभाव। यस कारण धेरैजसो अवस्थामा निर्णय सामन्ती सोच, परम्परागत मान्यता वा शक्तिशाली वर्गको प्रभावमा पर्थ्यो। यद्यपि यसमा रहेको सामुदायिक मेलमिलापको सकारात्मक पक्ष भने आज पनि देखिन्छ विशेषगरी गाउँस्तरका सामुदायिक मेलमिलाप केन्द्रहरू (Community Mediation Centers ) मा जहाँ विवाद समाधान स्थानीय सामाजिक सन्दर्भमा मेलमिलाप र आपसी समझदारीको माध्यमबाट गर्ने अभ्यास अझै पनि जारी छ।

मुलुकी ऐन, १९१० साल (१८५४ ई.सं.) जङ्गबहादुर राणाले ब्रिटिश कानुनको अध्ययनपछि १९१० सालमा लागू गरिएको मुलुकी ऐनमार्फत नेपालमा पहिलो पटक विभिन्न बिखण्डित प्रथागत नियमहरूलाई लिखित र संहिताबद्ध रूप दिए जसले अपराध, सम्पत्ति, विवाह-छुटपुर्जा, अङ्गभंग, नागरिक हक आदिलाई एउटै एकीकृत कानुनी ढाँचामा समेट्यो। यससँगै कोत, बिचारी र अपिल जस्ता तह-अनुसारका अदालत/कार्यालयहरू स्थापना गरिए: कोतले राज्यसुरक्षा र गम्भीर मुद्दासमेत सम्हाल्ने केन्द्रिय अधिकारको रूपमा काम गर्थ्यो, बिचारी तहमा प्रारम्भिक सुनुवाइ, बयान-प्रमाण संकलन र निर्णय गर्ने दायित्व थियो र अपिल तहले ती निर्णयहरूमाथि पुनरावलोकन गर्ने व्यवस्था दिन्थ्योदेख्दा आधुनिक न्याय संरचनाको स्वरूपजस्तै। तर व्यवहारमा यी अदालतहरू स्वतन्त्र थिएनन् न्यायाधीश र कर्मचारीको नियुक्ति, सरुवा-बढुवा र दण्ड-बिदण्ड सबैतिर शासकको पकड हावी रह्यो जसका कारण शक्तिशालीहरूतर्फ झुकाव र पक्षपात सामान्य भयो। प्रक्रियागत न्याय (due process) का मापदण्ड सीमित रहे राजनीतिक हस्तक्षेप र आश्रय-पराश्रयको संस्कृति प्रबल भयो र संहिताबद्ध ऐनले केही सामाजिक जातीय विभाजनहरूलाई नै संस्थागत गरेको तथ्यले समानता आधारित न्यायको भावना कमजोर पार्यो। फलतः यो चरणमा कानुनको “व्यवस्था” त आयो तर “न्याय धर्म”—निष्पक्षता, मानव गरिमा र सार्वजनिक विश्वासमा अडिएको नैतिक-कानुनी कर्तव्य भन्दा बढी शासकको सत्ता हित र प्रशासनिक नियन्त्रणलाई प्राथमिकता दिइयो।

२००७ सालको प्रजातन्त्रप पछि २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि नेपालमा राजनीतिक र कानुनी संरचनामा महत्वपूर्ण परिवर्तन सुरु भयो जसको प्रत्यक्ष प्रभाव न्यायपालिकामा पनि देखियो। यसअघि न्यायिक अधिकार प्राय कार्यपालिकाको नियन्त्रणमा रहेको हुँदा अदालत स्वतन्त्र रूपमा काम गर्न सक्दैनथ्यो। तर प्रजातन्त्रपछि न्यायपालिकाको भूमिकामा क्रमश सुधार हुँदै गयो। २०१५ सालको संविधानले पहिलो पटक न्यायालयको प्रारम्भिक संरचना स्पष्ट रूपमा परिभाषित गर्‍यो। यसअन्तर्गत सर्वोच्च अदालतलाई देशको सर्वोच्च न्यायिक निकायको रूपमा मान्यता दिइयो र आवश्यकतानुसार अधीनस्थ अदालतहरू गठन गर्ने कानुनी आधार तय गरियो। यद्यपि यस अवधिमा कार्यपालिका र न्यायपालिकाबीचको सन्तुलन पूर्ण रूपमा स्थापित भएको थिएन र अदालत अझै केही हदसम्म राजनीतिक प्रभावबाट मुक्त हुन सकेको थिएन।

पछिल्लो चरणमा २०४७ सालको संविधान जारी भएपछि न्यायपालिकालाई पूर्ण संवैधानिक स्वतन्त्रता प्रदान गरियो। यसले कार्यपालिका, विधायिका र न्यायपालिकाबीच शक्तिको विभाजन (separation of powers) सुनिश्चित गर्दै अदालतलाई आफ्नो कामकाजमा बाह्य हस्तक्षेपविनाको स्वतन्त्र अधिकार दियो। साथै यस संविधानले “निष्पक्ष न्याय” गर्नु न्यायपालिकाको संवैधानिक दायित्वका रूपमा स्पष्ट रूपमा उल्लेख गर्‍यो जसको अर्थ कानुनी प्रावधानको मात्र पालनामा सीमित नभई समानता, पारदर्शिता र मानव अधिकारको संरक्षणलाई प्राथमिकता दिने हो। यसरी प्रजातन्त्र स्थापनापछि नेपालको न्याय प्रणाली निर्भर अवस्थाबाट संवैधानिक स्वतन्त्रताको दिशामा एक महत्वपूर्ण मोडमा प्रवेश गर्‍यो।

नेपालको संविधान (२०७२)नेपालको संविधान, २०७२ को धारा ११८ अनुसार न्यायालय स्वतन्त्र, निष्पक्ष र उत्तरदायी हुनुपर्ने स्पष्ट प्रावधान गरिएको छ। यसले देशको न्याय प्रणालीलाई केवल कानुनी संरचना मात्र होइन नैतिक मान्यतामा पनि आधारित बनाउन खोजेको हो। धारा ११८ ले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतलाई आफ्नो सम्पूर्ण कार्य र निर्णय प्रक्रियामा “न्याय धर्म” को सिद्धान्त अपनाउन कानुनी र नैतिक दुवै प्रकारको दायित्व दिएको छ। यसले अदालतलाई बाह्य राजनीतिक दबाब वा व्यक्तिगत स्वार्थबाट मुक्त रहँदै न्याय दिने दायित्व तिर्नुपर्ने सुनिश्चित गर्छ। न्याय धर्म यस अर्थमा न्यायिक संस्थाहरूको आधार भूत चरित्र हो, जसले समाजमा कानूनको शासन (rule of law) र समान न्यायको प्रत्याभूति गराउँछ।

> **नेपालको न्याय धर्म ऐतिहासिक परिप्रेक्ष्य, संवैधानिक संरचना र अन्तर्राष्ट्रिय प्रतिबद्धताको समन्वयमा विकास हुँदै आएको छ। पञ्च भलाद्मीको सामुदायिक मेलमिलापबाट लिएर आजको स्वतन्त्र, निष्पक्ष र उत्तरदायी न्यायपालिकासम्मको यात्रा न्याय धर्मको सिद्धान्त न्याय, समानता र मानव अधिकारको संरक्षण लाई लगातार पुष्टि गर्दै आएको छ। जबसम्म अदालत संवेदनशील, निष्पक्ष र उत्तरदायी रहन्छ, तबसम्म समाजमा न्याय र समानताको अनुभूति कायम रहन्छ।**

न्याय धर्मको पहिलो तीन आयामहरू :-निष्पक्षता, कानूनको पालना, र मानव अधिकारको संरक्षण एकअर्कासँग गहिरो रूपमा जोडिएका छन्। निष्पक्षता भन्नाले न्यायिक प्रक्रियामा कुनै पनि पक्षलाई जात, धर्म, लिङ्ग, आर्थिक स्थिति वा राजनीतिक प्रभावका आधारमा भेदभाव नगरी समान व्यवहार गर्नु हो। कानूनको पालना भनेको अदालतले मनोमानी वा व्यक्तिगत धारणा अनुसार होइन, संविधान, ऐन र पूर्वनिर्धारित कानुनी मापदण्डअनुसार मात्र निर्णय गर्नु हो। मानव अधिकारको संरक्षण भनेको व्यक्तिका मौलिक हक र स्वतन्त्रताको रक्षा गर्नु हो जसमा जीवनको अधिकार, व्यक्तिगत स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता जस्ता हकहरू विशेष महत्त्वका हुन्छन्। यी तीनै आयामले सुनिश्चित गर्छन् कि न्याय निर्णय केवल कानुनी दृष्टिले सही मात्र होइन नैतिक र मानवीय दृष्टिले पनि स्वीकार्य होस्।

अर्का दुई आयामहरू :- सार्वजनिक विश्वासको रक्षा र समयमै न्याय न्यायालयको सामाजिक वैधता र प्रभावकारितासँग प्रत्यक्ष सम्बन्धित छन्। सार्वजनिक विश्वासको रक्षा पारदर्शिता, नैतिकता र भ्रष्टाचारमुक्त कार्यशैलीमार्फत सम्भव हुन्छः- जब नागरिकलाई अदालत निष्पक्ष र पारदर्शी छ भन्ने विश्वास हुन्छ त्यतिबेला कानूनको शासन सुदृढ हुन्छ। समयमै न्याय भनेको ढिलाइरहित र सहज पहुँचयुक्त न्याय दिनु हो किनकि ढिलो भएको न्यायले पीडितलाई राहत दिन सक्दैन र “Justice delayed is justice denied” भन्ने सिद्धान्त लागू हुन्छ। यसरी धारा ११८ मा उल्लिखित यी पाँच आयामहरू न्याय धर्मको पूर्ण स्वरूप हो जसले नेपालमा न्यायालयलाई केवल कानुनी निकाय मात्र होइन समाजको नैतिक र लोकतान्त्रिक आधारस्तम्भको रूपमा स्थापित गर्छ।

सबिता थापा बनाम नेपाल सरकार (२०६३) नेपालको मानव अधिकार र प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी न्यायशास्त्रमा एक महत्वपूर्ण मीलका पत्थर मानिन्छ। यस मुद्दाको पृष्ठभूमिमा सबिता थापा एक महिला बलात्कारको शिकार भइन् र त्यसको परिणामस्वरूप गर्भवती भइन्। उनले सुरक्षित रूपमा गर्भपतन गर्न पाउने आफ्नो अधिकारको माग गर्दै सर्वोच्च अदालतमा निवेदन दिइन् तर त्यतिबेला नेपालको कानुन अनुसार गर्भपतन केवल अत्यन्त सीमित अवस्थामा मात्र कानूनी रूपमा सम्भव थियो। सर्वोच्च अदालतले यस मामिलामा ऐतिहासिक फैसला गर्दै भन्यो कि बलात्कृत महिलालाई सुरक्षित गर्भपतनको अधिकार प्राप्त हुनु केवल स्वास्थ्य सम्बन्धी कुरा मात्र होइन यो उनको मौलिक हक विशेषगरी जीवनको अधिकार र व्यक्तिगत स्वतन्त्रता सँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय हो। अदालतले यस अधिकारलाई सुनिश्चित गर्न सरकारलाई तत्काल आवश्यक कानुनी, नीतिगत र संस्थागत व्यवस्था गर्न आदेश दियो जसमा महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको संरक्षण र प्रवर्धन प्राथमिक रूपमा समेटिन्थ्यो। यस फैसलाले नेपालको न्याय धर्ममा लैङ्गिक न्याय र मानव अधिकारको सम्मानलाई अझ मजबुत बनायो।

न्याय धर्मको दृष्टिलेः यस मामिलामा सर्वोच्च अदालतले निष्पक्षता अपनाउँदै पीडित महिलाको पीडा र गरिमालाई पूर्ण सम्मान गर्‍यो र उनको जीवनस्थितिलाई बुझ्दै निर्णय सुनायो। साथै, अदालतले मानव अधिकारको रक्षा सुनिश्चित गर्दै नेपालको संविधानका धारा १६ (जीवनको अधिकार) र धारा २० (व्यक्तिगत स्वतन्त्रता) अन्तर्गत संरक्षण गरिएका मौलिक हकहरूको स्पष्ट सम्मान गर्‍यो। यस फैसलाले केवल व्यक्तिगत न्याय पुर्‍याएन नेपालको कानूनी विकासमा पनि योगदान पुर्‍यायो किनकि यसले मानव अधिकार सम्बन्धी न्यायशास्त्र (jurisprudence)लाई नयाँ दिशामा अघि बढायो र लैङ्गिक न्याय र प्रजनन स्वास्थ्य अधिकारको संवैधानिक महत्वलाई स्थापित गर्‍यो। यसरी, यो फैसला न्यायिक निष्पक्षता, मानव अधिकारको संरक्षण र कानूनी विकासको दृष्टिले नेपालमा एउटा महत्वपूर्ण मीलको पत्थर बन्यो।

अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड र नेपालको न्याय धर्म नेपालले विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि सम्झौता (International Treaties) मा हस्ताक्षर र अनुमोदन गरेको छ, जसको सीधा प्रभाव “न्याय धर्म“ को अवधारणा र अभ्यासमा परेको छ। यसले न्यायालयलाई केवल आन्तरिक कानूनमा मात्र होइन, अन्तर्राष्ट्रिय दायित्वअनुसार पनि निर्णय गर्न बाध्य बनाउँछ।

प्रमुख अन्तर्राष्ट्रिय मापदण्डहरू नेपालको न्याय प्रणालीले अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डसँग तालमेल राख्दै न्याय धर्मको सिद्धान्तलाई सुदृढ बनाएको छ। विश्व मानव अधिकार घोषणा-पत्र (ग्म्ज्च, १९४८) अनुसार सबै व्यक्तिहरू कानून अगाडि समान छन् (धारा ७) र स्वतन्त्र तथा निष्पक्ष अदालतमा समान अवसरसहित सुनुवाइको अधिकार राख्छन् (धारा १०)। यसले नेपालको न्यायालयलाई निष्पक्ष सुनुवाइ र समान व्यवहार सुनिश्चित गर्न मार्गदर्शन गर्छ। त्यस्तै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (ICCPR, १९६६) ले स्वतन्त्र, निष्पक्ष र सार्वजनिक सुनुवाइको अधिकार सुनिश्चित गर्दछ, जसलाई नेपालले १९९१ मा अनुमोदन गरेको छ। यी प्रावधानहरूले नेपालको कानूनी ढाँचामा न्यायालयको स्वतन्त्रता, पारदर्शिता र समानता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय आधार प्रदान गर्छ।

साथै लैङ्गिक न्याय र पीडितको अधिकारको संरक्षणका लागि विशेष अन्तर्राष्ट्रिय सन्धिहरू पनि प्रभावकारी छन्। महिला विरुद्धको सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धि (ऋभ्म्बध्, १९७९) ले कानूनी र प्रक्रियागत समानताको ग्यारेन्टी गर्दछ र न्यायालयलाई लैङ्गिक दृष्टिकोणलाई प्राथमिकता दिन दायित्व दिइएको छ। त्यस्तै, यातना र क्रूर अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको महासन्धि (CAT) ले पीडितलाई न्यायमा पहुँच सुनिश्चित गर्ने बाध्यता नेपालमाथि लगाएको छ। यी अन्तर्राष्ट्रिय मानव अधिकार प्रावधानहरूले नेपालका न्यायाधीशलाई केवल कानुन पालनामा मात्र सीमित नरहिई न्याय धर्मको व्यापक मूल्य निष्पक्षता, मानव अधिकारको रक्षा र सार्वजनिक विश्वास कायम राख्नेमा काम गर्न प्रेरित गर्छन्।

नेपालको संवैधानिक र कानुनी संरचनामा प्रभाव नेपालको संविधान, २०७२ को धारा ५१(ख) ले स्पष्ट रूपमा राज्यलाई अन्तर्राष्ट्रिय सन्धिहरूको सम्मान र पालन गर्न बाध्य बनाएको छ। यस प्रावधानअनुसार नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी सन्धिहरू मात्र औपचारिक रूपमै स्वीकार गर्नु पर्याप्त छैन तर तिनलाई राष्ट्रिय कानुनी प्रणालीमा प्रभावकारी रूपमा लागू गर्नु आवश्यक छ। यसले न्यायपालिकालाई केवल संविधान र ऐनअनुसार मात्र होइन अन्तर्राष्ट्रिय मान्यताप्राप्त मानव अधिकार मापदण्डसँग मिल्दोजुल्दो ढंगले निर्णय गर्न कानुनी र नैतिक दायित्व दिएको छ। यसले नेपालमा न्याय धर्मको अभ्यासलाई राष्ट्रिय सीमाभन्दा बाहिरका सार्वभौमिक मूल्यहरूसँग सम्बन्धित बनाउँछ।

सर्वोच्च अदालतले पनि यस दिशामा सक्रिय भूमिका खेलेको छ। उदाहरणस्वरूप, Prakash Mani Sharma v. Government of Nepal (२०६३) मामिलामा अदालतले अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डलाई आफ्नो व्याख्याको आधार बनाउँदै राष्ट्रिय कानूनको व्याख्या गरेको छ। यसले देखाउँछ कि नेपालका न्यायाधीशहरूले न्याय धर्मलाई केवल आन्तरिक कानुनी ढाँचामा मात्र सीमित नराखी सार्वभौमिक न्याय, निष्पक्षता र मानव अधिकारका मान्यतासँग जोडेर लागू गर्ने परिपाटि विकास गरेका छन्। यसरी नेपालमा न्याय धर्मको अवधारणा राष्ट्रिय र अन्तर्राष्ट्रिय मूल्यको समन्वयबाट सशक्त भएको छ।

नेपालमा “न्याय धर्म”को विकास एक लामो ऐतिहासिक यात्रा हो, जसले पञ्च भलाद्मी प्रणालीदेखि आजको संवैधानिक न्यायालयसम्मको मार्गचित्र प्रस्तुत गर्छ। प्रारम्भमा विवाद समाधान समुदायमा आधारित, अनुभव र प्रतिष्ठामा भर पर्ने पञ्च भलाद्मी शैलीमा हुन्थ्यो। जसले छिटो, सस्तो र मेलमिलापयुक्त न्याय प्रदान गर्थ्यो। तर आधुनिक मानकअनुसार निष्पक्षता, प्रक्रियागत न्याय र महिला तथा कमजोर वर्गको प्रतिनिधित्वमा कमी थियो। जङ्गबहादुर राणादेखि मुलुकी ऐन लागू भएपछि कानुन संहिताबद्ध भए। अदालतहरूको संरचना बने, तर शक्तिशालीहरूको पक्षपातले न्याय धर्मको सिद्धान्त कमजोर रह्यो।

प्रजातन्त्र स्थापनासँगै न्यायपालिकाको स्वतन्त्रता सुनिश्चित हुँदै गयो। २०१५ सालको संविधानले प्रारम्भिक संरचना स्पष्ट गर्‍यो भने २०४७ सालको संविधानले पूर्ण स्वतन्त्र न्यायपालिकाको मार्ग प्रशस्त गर्‍यो। संविधान २०७२ र धारा ११८ अनुसार सर्वोच्च, उच्च र जिल्ला अदालतहरू स्वतन्त्र, निष्पक्ष र उत्तरदायी हुने कानुनी तथा नैतिक दायित्व पाएको छ। यसले न्याय धर्मका मुख्य आयाम निष्पक्षता, कानूनको पालन, मानव अधिकारको संरक्षण, सार्वजनिक विश्वासको रक्षा र समयमै न्याय सुनिश्चित गर्ने लाई स्पष्ट बनाएको छ।

न्याय धर्मको अभ्यासमा महत्वपूर्ण उदाहरण सबिता थापा बनाम नेपाल सरकार (२०६३) देखिन्छ। जहाँ अदालतले बलात्कृत महिलालाई सुरक्षित गर्भपतनको अधिकारको पुष्टि गर्दै जीवन र व्यक्तिगत स्वतन्त्रताको मौलिक हक संरक्षण गर्‍यो। यस फैसलाले नेपालमा मानव अधिकार jurisprudence को माइलस्टोन स्थापना गर्‍यो। अन्तर्राष्ट्रिय सन्धिहरू (UDHR, ICCPR, CEDAW, CAT) र संविधान २०७२ धारा ५१(ख) मार्फत न्यायालयले आफ्ना निर्णयमा सार्वभौमिक मानव अधिकार मापदण्डको पालन गरेको छ। यसरी नेपालमा न्याय धर्म केवल घरेलु कानुनको अवधारणा मात्र नभई अन्तर्राष्ट्रिय मूल्यहरूसँग गहिरो रूपमा जोडिएको जीवित मूल्यको रूपमा स्थापित भएको छ।

निष्कर्ष नेपालको न्याय धर्म ऐतिहासिक परिप्रेक्ष्य, संवैधानिक संरचना र अन्तर्राष्ट्रिय प्रतिबद्धताको समन्वयमा विकास हुँदै आएको छ। पञ्च भलाद्मीको सामुदायिक मेलमिलापबाट लिएर आजको स्वतन्त्र, निष्पक्ष र उत्तरदायी न्यायपालिकासम्मको यात्रा न्याय धर्मको सिद्धान्त न्याय, समानता र मानव अधिकारको संरक्षण लाई लगातार पुष्टि गर्दै आएको छ। जबसम्म अदालत संवेदनशील, निष्पक्ष र उत्तरदायी रहन्छ, तबसम्म समाजमा न्याय र समानताको अनुभूति कायम रहन्छ।

## मन्त्रिपरिषद् बैठकद्वारा ऐतिहासिक निर्णय :

# अत्यावश्यक अवस्थामा बाहेक विदेश भ्रमणमा रोक

काठमाण्डु। राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रियसभाका अध्यक्षबाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका पदाधिकारीको लागि सल्लाहकार नियुक्ति गर्न नपाइने भएको छ । यसैगरी सरकारले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गरेको छ।

मन्त्रिपरिषद्ले यही असोज ५ गते गरेको निर्णयानुसार सरकार र प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको स्वकीय सचिवालयमा बढीमा तीन जना मात्र नियुक्ति गर्न पाइनेछ। सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनःरुत्थान र राहतसमेतका लागि विकास आयोजनाको पुनःप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कार्यम गर्ने सम्बन्धमा मन्त्रिपरिषद्ले सो निर्णय गरेको हो। उक्त निर्णय कार्यान्वयन गर्न/गराउनका लागि सरकारका सबै मन्त्रालय तथा निकाय, प्रदेश सरकार तथा सबै स्थानीय तहलाई पत्राचार गरिएको अर्थ मन्त्रायका सहसचिव एवं प्रवक्ता टङ्कप्रसाद पाण्डेयले जानकारी दिनुभयो।

> सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुन:रुत्थान र राहतसमेतका लागि विकास आयोजनाको पुन:प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कार्यम गर्ने सम्बन्धमा मन्त्रिपरिषद्ले सो निर्णय गरेको हो ।



सरकारले विगतमा स्रोत सहमति लिई निर्माणाधीन रहेका आयोजनालाई बजेट कमी हुन नदिई कार्यान्वयनमा निरन्तरता दिने निर्णय गरेको छ । त्यस्तै सरकारका विभिन्न मन्त्रालयअन्तर्गत पुँजीगत खर्चमा विनियोजित रकममध्ये मन्त्रालयगत बजेट सूचना प्रणालीमा नयाँ प्रविष्टि भएका, पूर्वतयारी नभएका र दोहोरो प्रविष्टि भएका कम महत्वका स-साना आयोजना/कार्यक्रमहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २१ बमोजिम रोक्का राख्ने निर्णय गरिएको छ।

विभिन्न मन्त्रालयअन्तर्गत रहेका बजेट शीर्षकमा बजेट विनियोजन भए तापनि उद्देश्यभन्दा बाहिरका र कम महत्वका क्षेत्रमा रहेको बजेट विनियोजनलाई रोका राख्ने सरकारको निर्णय छ। भैपरी वा अन्य शीर्षकमा एकमुष्ट बजेट राखी आयोजनाहरू पहिचान नभएको हुँदा उपयोगिता नदेखिएको बजेट रोका राखिने छ।

### खुद्रे / टुक्रे आयोजना रोका राखिने

प्रदेश र स्थानीय तहबाट सचालन हुने प्रकृतिका स-साना खुद्रे/टुक्रे आयोजनासमेतमा विभिन्न मन्त्रालयमा भएको विनियोजनलाई रोका राखिने छ । त्यस्तै माथि रोका प्रस्ताव गरिएका बजेट उपशीर्षकमा रहेका कियाकलापहरूमा अघिल्लो आर्थिक वर्षमा दायित्व सिर्जना भएको तर भुक्तानी दिन बाँकी रहेको भए फरफारक गर्ने हदसम्म सम्बन्धित मन्त्रालयको माग बमोजिम रोक्का फुकुवा गर्ने सरकारको निर्णय छ।

राष्ट्रिय प्राथमिकता, स्रोत सहमति दिइएका तथा क्रमागत आयोजनामा दायित्व सिर्जना भएको या चालु आर्थिक वर्षमा दायित्व सिर्जना हुने तर न्यून बिनियोजन भएको भए रोक्का रहेको उपशीर्षकबाट रकमान्तर गरी खर्च व्यवस्थापन गरिनेछ।विगतमा प्रचलित कानुनबमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन पर्याप्त रकम विनियोजन नभएको कारण बजेट अपुग भएको भए रोक्का गरिएको रकमबाट रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन गरी खर्च व्यवस्थापन गरिने मन्त्रालयले जनाएको छ।

रोक्का रहेका आयोजनाहरूमध्ये २०८२ असोज २ गतेसम्म खरिद सम्झौता भई दायित्व सिर्जना भइसकेको वा खरिद प्रक्रिया अन्तिम चरणमा रहेको भए सोको पुष्ट्याइँसहित फुकुवाको लागि सम्बन्धित मन्त्रालयबाट लेखी आएपछि अर्थ मन्त्रालयले फुकुवा गर्ने निर्णयमा उल्लेख छ ।शिक्षा, स्वास्थ्य र खानेपानीजस्ता आधारभूत आवश्यकताका सामाजिक क्षेत्रमा यस आर्थिक वर्षको बजेटले लिएको सामाजिक क्षेत्रको लक्ष्य पूरा गर्न बाधा पर्न जाने देखिएमा अर्थ मन्त्रालयको सहमति लिई आयोजना तथा कार्यकमको खरिद प्रक्रिया अगाडि बढाइने छ।

सरकारी संरचनाको पुनर्निर्माणको लागि पुनर्निर्माण कोष कार्यविधिबमोजिम सिफारिस भएका आयोजनालाई मन्त्रायगत बजेट सूचना प्रणालीमा मा प्रविष्टि गरी खर्च व्यवस्थापन गर्ने सरकारको निर्णय छ। त्यसैगरी चालु आर्थिक वर्षमा नयाँ प्रविष्टि गरेका आयोजना वा अन्य कुनै खरिद प्रयोजनका लागि बहुवर्षीय स्रोत सहमति नदिने भएको छ।सरकारी संरचना पुनर्निर्माण गर्दा सेवाग्राहीमैत्री, खुला र छरितो संरचना बनाउने । सरकारले कार्यालयको कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी संरचनालाई विश्लेषण गरी भौतिक संरचना र ले-आउट व्यवस्थापन गर्ने भएको छ।

### आयोजना टुक्याएर उपभोक्ता समितिबाट काम गराउन नपाइने

सरकारबाट सञ्चालन हुने,सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहवाट संचालन हुने रु १० लाखभन्दा बढीका आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने र आयोजना टुक्याएर उपभोक्ता समितिबाट काम गराउन नपाइने निर्णय गरिएको छ।निर्माणमा 'कन्टिन्जेन्सी' रकमको सीमा घटाई रु एक अर्बसम्म लागत अनुमान भएका आयोजनामा तीन प्रतिशतसम्म र सोभन्दा बढीका निर्माण आयोजनामा दुई प्रतिशतसम्म हुने गरी कार्यान्वयन गरिनेछ।

चालु आर्थिक वर्ष २०८२/८३ मा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएका चालुतर्फका नयाँ क्रियाकलाप/कार्यक्रमको कार्यक्रम सञ्चालन ढाँचा स्पष्ट नभएको, कार्यकमको प्रतिफल सम्बन्धित नभएको वा अनुत्पादक क्रियाकलाप/कार्यक्रममा विनियोजित रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ बमोजिम रोक्का राखिने भएको छ।

सरकारले सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने, तर कानुनबमोजिम गठन भएको समितिको काममा कार्यालय समयबाहेकको बैठकको भत्ता उपलब्ध गराउन सकिने जनाएको छ।

सरकारी, आफ्नो वा आफ्नो परिवारको स्वमित्वमा रहेको निजी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधाबापतको रकम लिन नपाउने भएको छ।त्यस्तै सरकारले विद्यमान जनशक्तिबाट सम्पादन हुने कामको लागि विनियोजित बजेटको उपयोग गरी बाह्यसेवा परामर्शबाट काम गर्न/गराउन नपाउने तथा विधेयक, नियम, विनियम, कार्यविधि, दिग्दर्शन, मापदण्ड र निर्देशिका बनाउनेजस्ता कामका लागि सेवा परामर्श नलिने निर्णय गरेको छ।

विद्यमान जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था हो भनी सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराएर मात्र पुँजीगत अनुसन्धान तथा परामर्शका लागि खर्च गर्न सकिने भएको छ । पानी, बिजुली र सञ्चार महसुललगायतका सेवा खर्चमा मितव्ययिता कायम गर्ने, पानी, बिजुली र सञ्चार महसुलबापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी ढङ्गले खर्च गर्ने सरकरको निर्णय छ।

कार्यालयमा आवश्यक नपरेको समयमा बत्ती, एअरकन्डिसन, पङ्खा जस्ता बिजुली खपत हुने यन्त्र उपकरण चलेको छ कि भनी सम्बन्धित कर्मचारी स्वयंले नियमित चेक गर्ने सरकारको निर्णय छ।

### सरकारी कार्यालयका लागि प्रमुख मार्गमा घर बहालमा लिन नपाइने

सरकारी कार्यालयको लागि न्यूनतम आवश्यकताभन्दा बढी कोठा र सुविधा भएको घर वहालमा नलिने, सरकारी कार्यालयहरूले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा लिन नपाइने निर्णयमा उल्लेख छ। त्यसैगरी विदेशस्थित कूटनीतिक नियोगहरूमा कार्यरत कर्मचारीहरूको निवासको लागि घरभाडामा लिनुपर्दा वा अब आइन्दा घरभाडा नवीकरण गर्नुपर्दा व्यापारिक क्षेत्र र सहरका प्रमुख मार्गहरूमा लिन नपाइने भएको छ।

सरकारको निर्णानुसार सङ्घ, प्रदेश र स्थानीय तहका पदाधिकारी तया कर्मचारीहरूमा सवार ीसाधन, मोबाइल फोन, फर्निचर, ल्यापटप, डेस्कटप कम्प्युटर, मोटरसाइकलजस्ता सामान उपयोगमा पुरानो सामान प्रयोग गर्नुपर्ने छ।

त्यस्तै जेनजी प्रदर्शनका क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट क्षति भएका कार्यालयहरूलाई आवश्यक पर्ने भवन, टेबल, कुर्सी, दराज, सोफालगायतका कार्यालय सामान, मेसिन उपकरण, फर्निचरजस्ता सामग्री नजिकको कार्यालयमा भएकोबाट हस्तान्तरण गराई उपयोग गर्ने र त्यसरी हस्तान्तरण भएको सामानको हस्तान्तरण कार्यालय प्रमुख तहको निर्णयबाट नै हुने निर्णयमा उल्लेख छ । आगामी दिनमा सरकारी भौतिक संरचनाको बीमा गर्ने कार्य सुरुआत गरिने छ।

अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्तिबाहेक थप दरबन्दी सिर्जना नगर्ने, विशेषज्ञ सेवामा दीर्घकालीन दायित्व सिर्जना नहुने गरी स्थायी दरबन्दीको सट्टा सेवा परामर्श लिने सरकारको निर्णय छ।

अर्थ, गृह र परराष्ट्र मन्त्रालयलगायत पछिल्लो समय सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई थप संरचना तथा दरबन्दी सिर्जना भएका मन्त्रालयहरूले सङ्क्षिप्त सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी चुस्त, छरितो र मितव्ययी बनाउन अनावश्यक संरचना र दरबन्दी शीघ्र घटाइने भएको छ ।सङ्घ, प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारीमा दोहोरोपन/तेहोरोपन हुने गरी नयाँ संरचना सिर्जना नगर्ने र हाल दोहोरो परेका संरचना खारेज गर्ने सरकारको निर्णय छ। त्यसैगरी भूमि समस्या समाधान आयोग खारेजी गर्ने व्यवस्था मिलाइने भएको छ।

### राष्ट्रिय अनुसन्धान विभाग गृह मन्त्रालय मातहत

सुरक्षा संवेदनशीलता, कार्यसम्पादन प्रभावकारिता, सुरक्षा निकायबीच समन्वय, विगतको अभ्यास र 'इन्टिलिजेन्स एक्सीलेन्स'का लागि राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालय मातहत राख्ने व्यवस्था मिलाइने भएको छ।राजस्व चुहावटको प्रभावकारी नियन्त्रण तथा मुलुकलाई सम्पत्ति शुद्धीकरणको 'इन्क्रिज्ड मोनिटरिङ लिष्ट'बाट बाहिर निकाल्न अन्तर्राष्ट्रिय अभ्यास, कार्यप्रकृति, कार्यसम्पादन प्रभावकारिताका दृष्टिकोणले राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अर्थ मन्त्रालय मातहतमा ल्याई पुनःसंरचना गर्न व्यवस्था मिलाउने सरकारको निर्णय छ।

'कन्ट्राक्टिङ' र 'आउटसोर्सिङ'बाट हुने कामलाई स्थायी संरचना सिर्जना नगर्ने, सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने सरकारको निर्णय छ।चालु खर्च घटाउन सरकारकाले अत्यावश्यकबाहेकका तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन नगर्ने, सञ्चालन गर्नैपर्ने अवस्थामा सरकारी हलहरूमा र सम्भव भएसम्म अनलाइन तालिम गोष्ठीजस्ता कार्यक्रम सञ्चालन गरिने भएको छ।

सरकार, प्रदेश सरकार, स्थानीय तह, संस्थान, प्रतिष्ठान र नियामक निकायको खर्चमा अत्यावश्यक अवस्थामा बाहेक विदेश भ्रमणमा रोक लगाइएको छ। नेपाल सरकारको प्रतिनिधित्व सम्बन्धित नियोगबाट हुनसक्ने अवस्था भएमा सम्बन्धित नियोगलाई नै अख्तियारी दिइनेछ।सरकारको प्रतिनिधित्व अनिवार्य भएको अन्तरराष्ट्रिय सभा सम्मेलनमा राष्ट्र प्रमुख वा सरकार प्रमुखको नेतृत्वमा हुने प्रतिनिधिमण्डल बढीमा १० जना र सरकारको स्रोतमा हुने अन्य प्रतिनिधिमण्डलमा बढीमा तीन जना मात्र सदस्य रहने निर्णयमा उल्लेख छ।

त्यस्तै प्रतिफलयुक्त आयोजना, वैदेशिक सहायताबाट सञ्चालित आयोजना र नागरिकप्रतिको दायित्व बहन गर्नुपर्ने विषयका आयोजनाका लागि मात्र सार्वजनिक संस्थानमा शेयर तथा ऋण लगानी गर्ने, आर्थिक अवस्था कमजोर भएका तथा सावाँ/ब्याज तथा प्रतिफल दिन नसक्ने सार्वजनिक संस्थानमा नेपाल सरकारले थप लगानी नगर्नेभएको छ। यस्तो रोक्का अवधि भर नेपाल सरकारका लगानी भएका संस्थाहरुले हकप्रद तथा थप सार्वजनिक निष्कासन (एफपिओ) शेयर जारी गर्न रोका गरिएको छ।

नेपाल सरकारले सार्वजनिक संस्थानबाट प्राप्त गर्नुपर्ने भाखा नाघेको साँवा तथा ब्याज असुलउपर गर्न सम्बन्धित मन्त्रालय जवाफदेही हुने भएको छ। सरकारले सवारीसाधनको उपयोगका लागि सवारी सुविधासम्बन्धी सम्बन्धित कानुनमा सङ्ख्या किटान भएकोमा बाहेक सवारी सुविधा पाउने राजनीतिक तया प्रशासनिक पदाधिकारीलाई एक भन्दा वढी सवारीसाधन उपलब्ध नगराउने/प्रयोग नगर्ने भएको छ।

सवारीसाधन क्षति भएका मन्त्रालय एवं केन्द्रीय निकाय तथा कार्यालयले आफ्नो मातहतका विभाग, निकाय वा कार्यालयहरूमा भएका सवार ीसाधनबाटै व्यवस्थापन गर्नुपर्ने छ । राजनीतिक तथा प्रशासनिक पदाधिकारीको सुविधाका लागि नयाँ सवारीसाधन खरिद नगरी उपलब्ध सवार ीसाधनबाटै व्यवस्थापन गरिने भएको छ।

सवारी सुविधा पाउने पदाधिकारी तथा कर्मचारीलाई सवारी सुविधा व्यवस्थापनसम्बन्धी छुट्टै मापदण्ड अर्थ मन्त्रालयले ४५ दिनभित्र तयार गरी सोहीबमोजिम व्यवस्थापन गर्ने भएको छ । यद्यपि समयमा निर्वाचन सम्पन्न गर्न तथा शान्ति सुरक्षा प्रयोजनको लागि उपलब्ध सवार ीसाधनबाट अपुग भएमा खरिद गर्न सकिनेछ।

### स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने

त्यसैगरी नेपाल सरकार र प्रदेश सरकारका मन्त्रीहरूलगायत राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने, यस्ता स्वकीय सचिवालयका कर्मचारीका लागि सवारीसाधन, वैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने भएको छ।

प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति नगरी सम्बन्धित निकायकै प्रवक्ता तथा सूचना अधिकारीबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाइने छभने विभिन्न मुलुकका लागि खटिने नेपाल सरकारको प्रतिनिधि राजदूतको नियमानुसार बाहेक माथिल्लो तह तोकी दिइने गरिएका थप सुविधा खारेज गरिएको छ।

सार्वजनिक संस्थानमा रिक्त रहेका कार्यकारी प्रमुखको पदमा तत्कालका लागि सरकारको स्थायी सेवामा रहेका कर्मचारीलाई काजमा खटाउने, महँगा इलेक्ट्रोनिक्स र बिलासी सामग्रीहरू खरिद नगर्ने, ग्यास, साइकल, स्वास्थ्य बिमा शुल्क, विद्युत् महसुल भुक्तानी, ह्याण्डपम्प, साड़ी वितरणजस्ता वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नपाइने सरकारको निर्णय छ।

बक्यौता असुलीका लागि सरकारले अन्तर्गतका निकायले प्राप्त गर्नुपर्ने कर राजस्व वा गैरकर राजस्व असुलीलाई प्रभावकारी बनाउने सम्बन्धित मन्त्रालय जवाफदेही हुने, अन्तिम लेखा परीक्षणबाट असुलउपर गर्ने भनी तोकिएको बेरुजु तुरुन्त असुलउपर गर्ने निर्णय गरेको छ ।निर्णयानुसार प्रचलित कानुनमा व्यवस्था भएको तर नियामक निकायहरूबाट नेपाल सरकारको कोषमा दाखिला हुन बाँकी मौज्दात रकम २०८२ असोज मसान्तभित्र नियमानुसार दाखिला गराउनुपर्ने छ।रासस

## माओवादीले केन्द्रीय समिति भङ्ग गरी विशेष महाधिवेशन गर्ने

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादीकेन्द्र)ले हालको केन्द्रीय समिति विघटन गरी विशेष महाधिवेशन आयोजक समिति गठन गर्ने प्रस्ताव आसन्न केन्द्रीय समिति बैठकमा प्रस्तुत गर्ने भएको छ।

पार्टी मुख्यालय पेरिसडाँडामा बुधबार बसेको स्थायी समिति बैठकले अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा विशेष महाधिवेशन आयोजक समिति गठन गर्ने, सोको संयोजन स्वयं अध्यक्षले गर्ने र प्रस्ताव लैजाने निर्णय गरेको उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो।"पार्टीभित्र एकता कायम गर्न र वर्तमान परिस्थितिको मागअनुरूप केन्द्रीय समिति भङ्ग गरी अध्यक्षकै संयोजनमा विशेष महाधिवेशन आयोजक समिति गठन गर्ने प्रस्ताव केन्द्रीय समितिमा प्रस्तुत गर्ने निर्णय भएको छ। साथै विशेष महाधिवेशनको मिति तोक्ने प्रस्ताव पनि गरिएको छ," प्रवक्ता सापकोटाले बताउनुभयो।

यससम्बन्धी प्रस्तावमाथि



छलफल गर्न माओवादी केन्द्रले यही असोज ९ गते केन्द्रीय समितिको बैठक बोलाएको छ। बैठकले पदाधिकारी बैठकको प्रस्तावमाथि छलफल गरी निर्णय लिनेछ। हालैको जेनजी आन्दोलनपछि राजनीतिक दलमा पुस्तान्तरणको दबाव बढिरहेको सन्दर्भमा यो कदम अघि सारिएको हो। बैठकले घोषित मितिमै निर्वाचन सम्पन्न गराउन सरकारलाई ध्यानाकर्षण गराउने निर्णयसमेत गरेको छ। सरकारले प्रतिनिधिसभा निर्वाचन आगामी फागुन २१ गते गर्ने घोषणा गरिसकेको छ।

यस्तै, माओवादी केन्द्रले जेनजीसहित लोकतान्त्रिक र अग्रगामी शक्तिहरूसँग वार्ता र समझदारी कायम गर्ने, समाजवादी मोर्चा तथा समान विचारधारासँग एकता गर्ने र वृहत मोर्चा निर्माण गर्न पहल गर्ने निर्णय गरेको छ।

"परिस्थिति तीव्र गतिमा बदलिँदै गइरहेको छ। यस्तो अवस्थामा परिवर्तनकारी शक्तिहरू एकजुट भएर अघि बढ्नुपर्छ भन्ने बैठकको निष्कर्ष छ। जेनजी पुस्ताले उठाएका मागहरू जायज भए पनि त्यसलाई विशेष परिस्थितिको प्रभाव मान्दै अग्रगमन पक्षधर शक्तिको एकताबद्ध प्रयास अपरिहार्य देखिन्छ," प्रवक्ता सापकोटाले भन्नुभयो।रासस

# अर्थमन्त्री खनालद्वारा क्षतिग्रस्त आन्तरिक राजस्व कार्यालयको निरीक्षण

विराटनगर । अर्थमन्त्री रामेश्वर खनालले आर्थिक मितव्ययिता सम्बन्धित मन्त्रिपरिषद् बैठकद्वारा गरिएका निर्णय सबै क्षेत्रमा लागू हुने जानकारी दिनुभएको छ । मन्त्रिपरिषद्ले यही असोज ५ गते आर्थिक मितव्ययिता सम्बन्धी विभिन्न निर्णय गरेको थियो। 'जेनजी' प्रदर्शनका क्रममा तोडफोड एवं आगजनी भएको आन्तरिक राजस्व कार्यालयको बुधबार निरीक्षण गर्दै उहाँले सो जानकारी दिनुभएको हो ।सो अवसरमा मन्त्री खनाललाई सो कार्यालयका प्रमुख केशव उप्रेतीले क्षतिको विवरण हस्तान्तरण गर्नुभएको थियो। मन्त्री खनालले निरीक्षण गरिरहनुभएका समयमा कर्मचारीहरुले सवारीसाधन राख्न बनाइएको टहराबाट सेवाग्राहीलाई



सेवा प्रदान गरिरहेका थिए।

अर्थमन्त्री खनाल एकीकृत भन्सार जाँचचौकी रानी विराटनगरमा हुने राजस्व चुहावट नियन्त्रण समितिको बैठकमा सहभागी हुने मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिनुभयो । उहाँका अनुसार मन्त्री खनाल बुधबार अपराह्न उद्योगी एवं व्यापारीसँग मोरङ व्यापार सङ्घ विराटनगर हुने छलफलमा पनि सहभागी हुने कार्यक्रम छ।

### प्रदेश संरचना खारेज हुँदैन

अर्थमन्त्री रामेश्वर खनालले प्रदेश संरचना खारेज गर्ने कुनै सम्भावना नरहेको बताउनुभएको छ ।विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरुसँग सङ्क्षिप्त कुरा गर्दै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समेत जिम्मेवारी सम्हाल्नुभएका अर्थमन्त्री खनालले वर्तमान सरकार संविधानअनुसार सञ्चालन भएकाले प्रदेश खारेज गर्नेसम्बन्धी कुनै सोच नरहेको स्पष्ट गर्नुभयो।

एक प्रश्नको जवाफमा मन्त्री खनालले अहिलेको अवस्थामा रु एक हजार र रु ५०० को नोट प्रतिबन्ध लगाउने विषयमा कुनै छलफल नभएको जानकारी दिनुभयो । भारत सरकारले लगाएको एकीकृत कर 'गुड्स सेल्स ट्याक्स'घटाएको सम्बन्धमा अध्ययन भइरहेको तथा उद्योग व्यवसाय एवं औद्योगिक प्रतिष्ठानमा क्षति पुग्ने अवस्था भए सुधार गरिने जानकारी दिनुभयो।रासस


## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

जनकपुरधाम, धनुषा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२।०६।०९**

यस प्रतिष्ठानको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रहरुमध्ये तपसिल वमोजिमका बोलपत्रहरु न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरुको कार्यमा सहभागी सबै बोलपत्रदाताहरु/ आपुर्तिकर्ताहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | प्रकाशन मिति | ठेक्का नं. | आईटम नं. हरु | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) |
|---|---|---|---|---|---|
| 1. | 10/08/2025 | MIHS/NCB/GOODS/2082-83/01, The Procurement of Supply & Delivery of Cleaning items | 2,5,8,10,12,13,14,16,17 | R R Chemicals, Chhirshwarnath-5, Dhanusha | 3,05,850.00 |
| | | | 1,3,6,7,9,14,18,20,24,26 | R R Chemicals, Chhirshwarnath-5, Dhanusha | 13,51,650.00 |
| | | | 4,22,23 | Kaushal Enterprises, Koteshwor-32 | 60,900.00 |
| | | | 11,14,15,19,21,25 | Naishi Jeneral Order Suppliers, Janakpurdham-4 | 3,12,600.00 |

(रजिष्टार)

# सुपर टाइफुन रागासाले ताइवानमा ताल फुट्दा १४ को मृत्यु



एएफपी

हङकङ ।सुपर टाइफुन रागासाले ताइवानमा दशकौं पुरानो ताल फुट्दा कम्तीमा १४ जनाको ज्यान जानुका साथै १८ जना घाइते भएका छन् ।आँधी दक्षिण चीनतर्फ प्रवेश गर्दा बुधबार हङकङ भीषण हावा, मुसलधारे वर्षा र उच्च समुद्री लहरले प्रभावित भयो ।

हङकङमा धेरै ठाउँमा रूख ढले, बाढी आयो र एक उच्चस्तरीय होटलको काँचको ढोका फुटेर लबीमा पानी पस्यो । सहर अझै आँधीबेहरी-स्तरको हावाबाट प्रभावित हुने पूर्वानुमान हङकङ अब्जर्भेटरले जनाएको छ। तटीय क्षेत्रमा पानी सामान्य स्तरभन्दा तीन मिटरभन्दा माथि पुगेको छ।

मकाउको क्यासिनो क्षेत्रमा पनि व्यापक बाढी देखिएपछि केही क्षेत्रमा बिजुली आपूर्ति काटिएको छ। उत्तरी फिलिपिन्समा रागासाले दुई जनाको मृत्यु भइसकेको छ।

चीनको आपत्कालीन व्यवस्थापन मन्त्रालयले टाइफुन गुआङडोङ प्रान्तको झुहाई र झानजियाङबीच बुधबार दिउँसो अवतरण गर्ने जनाएको छ ।चीनका दक्षिणी कम्तीमा १० सहरमा विद्यालय र व्यवसाय बन्द गरिएका छन् । लाखौं मानिस प्रभावित भएका छन्। याङजियाङ सहरमा सडकहरू खाली देखिए भने रेल सेवा स्थगित गरिएको छ।

**हङकङमा क्षति र तयारी**

सामाजिक सञ्जालमा प्रमाणित तस्बिरहरू अनुसार धेरै जिल्लामा बाढी आएको छ । ओसन पार्क नजिकैको होटलमा आँधीले काँच फोड्दा पानी पसेको छ। पैदल पुलको टुप्पो भाँच्चिएको र अग्ला भवनहरू हावाले हल्लिएका थिए।

पचास अस्थायी आश्रयमा सात सय ६० जनाभन्दा बढी शरण लिएका छन् । रेल सेवा खुला खण्डमा बन्द गरिएको छ भने भूमिगत खण्डमा सीमित सञ्चालन भइरहेको छ । विमानस्थलमा सयौं उडान रद्द भएका छन्, कार्गो उडानहरू मात्रै सञ्चालनमा छन्।

मङ्गलबार चाई वान जिल्लामा छाल हेरिरहेका पाँच वर्षीय बालक र उनकी आमा समुद्रमा खसेपछि गम्भीर अवस्थामा अस्पतालमा भर्ना गरिएको छ। उनीहरूलाई बचाउन दौडिएका ४० वर्षीय बुबा पनि अस्पतालमा भर्ना भएका छन् ।गभर्नर र अधिकारीहरूले भारी वर्षाले थप क्षति गर्न सक्ने भन्दै सतर्कता अपनाउन आग्रह गरेका छन्।

# संयुक्त राष्ट्रसंघमा बहुपक्षवादको समर्थन



एपी

संयुक्त राष्ट्रसङ्घ । फ्रान्सदेखि दक्षिण कोरिया, दक्षिण अफ्रिकादेखि सुरिनामसम्मका नेताहरूले मङ्गलबार संयुक्त राष्ट्रसङ्घ (युएन) का महासचिव एन्टोनियो गुटेरेसको युद्ध, गरिबी र जलवायु अराजकताजस्ता वैश्विक चुनौतीहरूलाई मिलेर सम्बोधन गर्ने आह्वानलाई समर्थन गरेका छन्।

तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो 'अमेरिका फर्स्ट' एजेन्डा जोडका साथ प्रस्तुत गर्नुभयो ।गुटेरेसले महासभाको वार्षिक अधिवेशन उद्घाटन गर्दै युद्धभन्दा शान्ति, अराजकताभन्दा कानून र आत्महितभन्दा सहकार्यलाई रोज्न नेताहरूलाई आग्रह गर्नुभयो । उहाँले बढ्दो बहुध्रुवीय विश्वमा चीन र भारतजस्ता शक्तिहरूको उदयलाई स्वीकार गर्दै प्रभावकारी सहयोग र संस्थागत संरचना बिना अराजकता बढ्ने चेतावनी दिनुभयो।

**नेताहरूको चेतावनी र समर्थन**

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले द्वितीय विश्वयुद्धपछि बनेको युएन ८० वर्षपछि 'विभाजनका कारण कमजोर बन्दै गएको' बताउनुभयो । उहाँले भन्नुभयो, "जटिल संसारले युएनका शान्ति, न्याय र मानव अधिकारका आधारभूत सिद्धान्तलाई समर्थन नगर्ने कारण बन्नु हुँदैन।"

सुरिनामकी राष्ट्रपति जेनिफर गेरलिङ्स-साइमन्सले बहुपक्षवादलाई 'मानवताको महान उपलब्धि' भन्दै यसको सुरक्षा आवश्यक भएको बताउनुभयो। दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले युएन सदस्यता साझा मानवताको प्रतीक भएको बताउनुभयो । दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले भन्नुभयो, "समय जति कठिन हुन्छ, त्यति नै हामीले युएनको आधारभूत भावनामा फर्कनुपर्छ।"

**ट्रम्पको अमेरिका फर्स्ट**

तर दोस्रो कार्यकालका लागि निर्वाचित भएपछि महासभामा पहिलो सम्बोधन गर्दै ट्रम्पले कुनै सम्झौता नगरी 'अमेरिका फर्स्ट' भाषणदिनुभयो।उहाँलेअमेरिकालाई 'सबैभन्दा बलियो सीमा, सेना, मित्रता र भावना भएको राष्ट्र' भन्दै 'यो अमेरिकाको स्वर्ण युग हो' भनी दाबी गर्नुभयो ।ट्रम्पले युएनलाई असक्षम संस्था भन्दै आलोचना गर्नुभयो र एस्केलेटर बिग्रिनु तथा टेलिप्रोम्प्टर नचालिनुजस्ता घटनामा समेत दोषारोपण गर्नुभयो। युएनले ती समस्याको जिम्मा अन्य पक्षमा लगाएको थियो। तर गुटेरेससँगको भेटमा उहाँको स्वर नरम हुँदै 'अमेरिका युएनको सतप्रतिशत पछि छ' भन्नुभयो।

**विश्वका द्वन्द्व र ट्रम्पको धारणा**

महासभासँगै सुरक्षा परिषद्ले युक्रेन र गाजाको युद्धबारे आपत्कालीन बैठक गर्‍यो। युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई भेटेपछि ट्रम्पले सामाजिक सञ्जालमा 'युक्रेनले रुससँग गुमाएका सबै भूभाग पुनः पाउन सक्छ' भन्नुभयो । यद्यपि उहाँले पहिले क्षेत्रीय सम्झौता गर्नुपर्ने धारणा राख्नुभएको थियो ।गाजामा बैठकले अमेरिकाको अलगावलाई झल्कायो । अधिकांश राष्ट्रहरूले युद्धविराम र मानवीय सहायता मागे पनि नयाँ अमेरिकी राजदूत माइक वाल्ट्जले बैठकलाई 'छल' भन्नुभयो।

**मध्यपूर्वमा मतभेद**

जोर्डनका राजा अब्दुल्लाह द्वितीयले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको सरकार शान्तिका लागि इच्छुक नभएको आरोप लगाउँदै प्यालेस्टिनीहरूको स्वतन्त्र राज्यको अधिकार निर्विवाद भएको बताउनुभयो । फ्रान्सले प्यालेस्टिनी राज्यलाई मान्यता दिने अभियानको नेतृत्व गरेपछि अमेरिकासहितका शक्तिहरूबीच अझै गहिरो विभाजन देखिएको छ।

**आर्थिक सङ्कटमा युएन**

युएनमा बजेटीय सङ्कट पनि चर्किएको छ । अमेरिकासहित केही राष्ट्रले कोष फिर्ता लिएपछि मानवीय सहायता अपुरो भएको गुटेरेसले 'धेरैका लागि मृत्युदण्ड सरह' भन्नुयभो । मानवतावादी प्रमुख टम फ्लेचरले ११ करोडभन्दा बढी मानिसलाई सहयोगका लागि मागिएको नौ अर्ब डलरमध्ये अहिलेसम्म १९ प्रतिवशत मात्र वित्तपोषण भएको बताउनुभयो ।यसैबीच, गुटेरेस र ट्रम्पबीच संवादलाई फ्लेचरले 'सकारात्मक र आवश्यक कूटनीतिक संवाद' भन्नुभएको छ।

# इरानको कार्पेट उद्योग सङ्कटमा, युवाहरूको रुचि घट्दै

एएफपी

तेहरान। इरानको सांस्कृतिक गौरव मानिने हस्तनिर्मित कालीन (कार्पेट) उद्योग आज गम्भीर सङ्कटको सामना गर्दैछ । दशकदेखि अरबौं डलर आम्दानी दिने यो परम्परागत व्यवसाय अब मात्र थोरै देशहरूमा सीमित बनेको छ । आर्थिक सङ्कट र उपभोक्ताको बदलिँदो रुचिका कारण यो उद्योग पतनको दिशातर्फ अगाडि बढिरहेको छ।

सन् १९९० को दशकमा वार्षिक दुई अर्ब डलरभन्दा बढी निर्यात गर्ने इरानी कार्पेट उद्योग अहिले घटेर करिब ४० लाख डलरमा सीमित भएको छ, जुन ९५ प्रतिशतभन्दा बढीको गिरावट हो ।सन् २०१८ मा अमेरिकाले प्रतिबन्ध पुनः लगाएपछि, इरानले आफ्नो सबैभन्दा ठूलो कार्पेट बजार गुमायो। त्यसअघि अमेरिकी बजारमा इरानी हस्तबुनिएका कालीनको ७० प्रतिशत हिस्सा थियो ।इरानको राष्ट्रिय कालीन केन्द्रकी प्रमुख, जहरा कामानीका अनुसार,"अमेरिकाको निर्दयी र कठोर प्रतिबन्धका कारण हामीले आफ्नो प्रमुख बजार गुमायौं।"

**वैश्विक प्रतिस्पर्धा**

सन् २०१७ मा यो उद्योगले अझै ४०० लाख डलरभन्दा बढीको निर्यात गरिरहेको थियो, तर हालको तथ्याङ्क अनुसार सन् २०२४/२५ मा निर्यात घटेर ४१.७ लाख



डलरमा झरेको छ । इरानका कार्पेटहरू अहिले जर्मनी, संयुक्त अरब इमिरेट्स, जापान र चीनजस्ता देशमा निर्यात हुन्छन् ।तर यता, भारत, नेपाल, पाकिस्तान र चीनले सस्तो दरमा कालीन उत्पादन गरी बजार कब्जा गरिरहेका छन्। केहि विदेशी कालीन त इरानमै पुनः आयात भइरहेका छन्।

**उद्योगमा आश्रित लाखौं जीवन**

कामानीका अनुसार, इरानमा झण्डै २० लाख मानिस यो उद्योगमा निर्भर छन् । तिनीहरूले दैनिक केबल केही डलर आम्दानी गर्ने गर्दछन् ।व्यापारी हामेद नबीजादेहले भन्नुभयो,"भारत, टर्कीए र चीनबाट इरानमा कालीन आयात भइरहेको छ, जसका कारण घरेलु बिक्रीमा ठूलो गिरावट आएको छ।"

**पर्यटनमा गिरावट**

पहिले-पहिले विदेशी पर्यटकहरूले स्मरणीय उपहारको रूपमा इरानी कालीन किन्थे । तर हाल अन्तर्राष्ट्रिय सम्बन्ध बिग्रनु र यात्रा चेतावनीहरूका कारण पर्यटन क्षेत्र पनि प्रभावित भएको छ ।"आजकाल पर्यटकहरूलाई हाम्रो कार्पेट मन नपर्न सक्छ । मूल्य पनि धेरै महँगो लाग्छ," नबीजादेहले भन्नुभयो । "३०-४० हजार डलर पर्ने रेशमी कालीन आजको युरोपेली ग्राहकले किन्ने अवस्था छैन।" अर्थनीति र सरकारी समर्थनको अभाव

विशेषज्ञहरूका अनुसार उद्योगमा गिरावटको मूल कारणमा अन्तर्राष्ट्रिय प्रतिबन्ध, विदेशी मुद्रासँग सम्बन्धित त्रुटिपूर्ण नीति, उच्च उत्पादन लागत र सरकारी बेवास्ता जिम्मेवार छन् । व्यापारमन्त्री मोहम्मद अताबकले भन्नुभयो,"हामीले केही अन्तर्राष्ट्रिय बजार गुमाएका छौं, तर नयाँ व्यापार सम्झौताहरू र नीतिहरूको सहायताले उद्योगलाई पुनः जिवन्त बनाउन सकिन्छ।""कालीनहरू आधुनिक आन्तरिक सजावटको रुचिअनुसार बनाउनुपर्ने हुन्छ। सामाजिक सञ्जालमार्फत ब्रान्डिङ र अनलाइन ग्राहकहरू तान्ने प्रयास गर्नु आवश्यक छ।"

**घरेलु बजार पनि धराशायी**

डलरको तुलनामा इरानी मुद्रा अत्यधिक कमजोर बनेपछि घरेलु ग्राहक पनि हस्तबुनिएको कालीन किन्न असमर्थ छन् । ३१ वर्षीया विवाहको तयारीमा रहेकी शीमा भन्नुभयो,"मैले सधैं आफ्ना दाइजोमा हातले बुनेको कालीन चाहन्थें, तर परिवारले किन्ने सक्दैन । त्यसको सट्टा हामीले कारखानामा बनेको कालीन किनेका छौं।""आजकाल धेरै परिवारहरू सस्तो मूल्यका यान्त्रिक कालीन रोजिरहेका छन्, या त केहीले त कालीन नै किन्न छोडेका छन्," उहाँले थप्नुभयो।

# जापानी प्रधानमन्त्री : प्यालेस्टाइन राज्य मान्यता 'यदि होइन, कहिले ?'

एएफपी

संयुक्त राष्ट्रसङ्घ । जापानका प्रधानमन्त्री सिगेरु इसिबाले संयुक्त राष्ट्रसङ्घलाई सम्बोधन गर्दै प्यालेस्टाइन राज्यलाई मान्यता दिनु समयको प्रश्न मात्रै भएको बताउनुभएको छ । उहाँले इजरायली अधिकारीहरूको हालैको वक्तव्यलाई 'क्रोधित' हुनेगरी अस्वीकार गर्नुभयो।

संयुक्त राष्ट्रसङ्घका करिब ८० प्रतिशत सदस्य राष्ट्रले पहिल्यै प्यालेस्टाइनलाई मान्यता दिइसकेका छन् । बेलायत, क्यानाडा र फ्रान्सले समेत गाजामा करिब दुई वर्ष लामो युद्धबीच यसै हप्ता आफ्नो नाम थपेका छन् ।"प्यालेस्टिनी राज्य निर्माणलाई अस्वीकार गर्ने इजरायली वरिष्ठ अधिकारीहरूको भनाइप्रति म कडा आक्रोश व्यक्त गर्छु", इसिबाले भन्नुभयो, "हाम्रो लागि प्रश्न यो होइन कि मान्यता दिने हो वा होइन, तर कहिले दिने भन्ने हो । इजरायली सरकारले जारी राखेको एकपक्षीय कार्य कहिल्यै स्वीकार्य छैन।"

उहाँले चेतावनी दिँदै भन्नुभयो, "यदि दुई-राज्य समाधानलाई



अवरुद्ध गर्ने थप कदम चालियो भने जापान प्रतिक्रियामा नयाँ उपाय लिन बाध्य हुनेछ।" प्यालेस्टाइनलाई मान्यता दिने हालको लहर सन् २०२३ अक्टोबर ७ मा हमासको अभूतपूर्व आक्रमणपछि सुरु भएको गाजामा इजरायली आक्रमणपछि आएको हो। हमासको आक्रमणमा एक हजार दुई सय १९ इजरायली मारिएका थिए।

जवाफमा भएको इजरायली कारबाहीले करिब ६५ हजार तीन सय ८२ प्यालेस्टिनीको ज्यान लिएको छ, जसलाई संयुक्त राष्ट्रसङ्घले विश्वसनीय तथ्याङ्क मानेको छ ।अमेरिकाको निकट सहयोगी र जी-७ सदस्य जापानमा करिब ५४ हजार अमेरिकी सैनिक तैनाथ छन् । तर एसियामा दक्षिण कोरिया र सिङ्गापुरले भने अझै प्यालेस्टाइनलाई राज्यका रूपमा मान्यता दिएका छैनन्।

इसिबाले भन्नुभयो, "हमासले गरेको आतङ्क र गाजामा भइरहेको विनाशले धेरैलाई गहिरो पीडा दिएको छ । तर सबैभन्दा महत्त्वपूर्ण कुरा, प्यालेस्टाइन स्थायी रूपमा इजरायलसँग शान्तिपूर्ण सहअस्तित्वमा रहन सक्ने अवस्था निर्माण गर्नु हो।"उहाँले प्यालेस्टाइनलाई अन्तर्राष्ट्रिय समुदायको जिम्मेवार सदस्य बन्न आमन्त्रित गर्दै जवाफदेहिता सुनिश्चित गर्ने शासन प्रणाली निर्माण गर्न आग्रह गर्नुभयो।

# अष्ट्रेलियामा जुवा खेल्ने दरमा उल्लेखनीय वृद्धि : सरकारी प्रतिवेदन

सिन्ह्वा

क्यानबेरा। अष्ट्रेलियाका नागरिकहरूमा जुवा खेल्ने प्रवृत्ति र त्यसले पार्ने नकारात्मक प्रभाव दिनप्रतिदिन बढ्दै गएको एक सरकारी अध्ययनले देखाएको छ ।सन् २०२४ मा अष्ट्रेलियन पारिवारिक अध्ययन संस्थान (एआईएफएस) ले गरेको एक देशव्यापी सर्वेक्षण अनुसार, अघिल्लो १२ महिनाभित्र ६५।१ प्रतिशत परिपक्व नागरिकले कुनै न कुनै प्रकारको जुवा खेलेका थिए। सन् २०१९ मा यो दर ५७ प्रतिशत थियो।

उक्त प्रतिवेदन अनुसार २०२४ मा सहभागीमध्ये १५ प्रतिशतले जुवाका कारण पारिवारिक, आर्थिक वा मानसिक समस्याको सामना गर्नु परेको बताएका छन्। सन् २०१९ मा यस्तो समस्या ११ प्रतिशतले मात्र अनुभव गरेका थिए ।झन्डै ३२ प्रतिशत परिपक्व नागरिकले कम्तीमा महिना एकपटक जुवा खेल्ने गरेको जनाइएको छ, जसमा पुरुषको सहभागिता महिलाको भन्दा बढी छ ।प्रतिवेदनमा २।६ प्रतिशत नागरिकलाई गंभीर जोखिममा रहेका जुवामा लिप्त व्यक्ति भनेर चिनाइएको छ। तीमध्ये ६८।१ प्रतिशतले मानसिक वा व्यवहार सम्बन्धी समस्या झेलेका छन् भने १५।५ प्रतिशतले आत्महत्या गर्ने विचार गरेको बताएका छन्।

१८ देखि २४ वर्ष उमेर समूहका नियमित रूपमा जुवा खेल्ने युवाहरू बुढा उमेर समूहको तुलनामा झन्डै दोब्बर जोखिममा रहेको पाइएको छ ।क्विन्सल्याण्ड राज्यको तथ्यांक कार्यालयद्वारा प्रकाशित एक प्रतिवेदन अनुसार सन् २०२२-२३ मा अष्ट्रेलियाली जनताले कानुनी रूपमा चलाइने जुवा खेलमा करिब ३२ अर्ब अष्ट्रेलियन डलर गुमाएका छन्, जुन प्रति व्यक्ति हिसाबमा विश्वकै सबैभन्दा बढी हो।

संस्थाकी निर्देशक लिज नेभिलले भन्नुभयो,"जुवा अहिले हाम्रो समाजमा गहिरो रूपमा व्याप्त भएको छ। व्यक्ति, परिवार र समुदायलाई सहयोग गर्नका लागि हाल चलिरहेका नीतिहरूलाई फेरि विचार गर्न आवश्यक छ।"उक्त सर्वेक्षणले सबैभन्दा धेरै खेलिने जुवा भाग्य परीक्षण ९लट्री० भएको देखाएको छ।

# अष्ट्रेलियाको नयाँ नियम : ह्वाट्सएप, ट्विच, रोब्लक्सजस्ता प्लेटफर्म प्रतिबन्धको सूचीमा

एएफपी

सिड्नी । अष्ट्रेलियाले १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई सामाजिक सञ्जालको पहुँचबाट टाढा राख्ने कानुनी प्रक्रिया अगाडि बढाएको छ । यस अन्तर्गत अब ह्वाट्सएप, रेडिट, ट्विच, रोब्लक्सजस्ता प्लेटफर्महरू पनि प्रतिबन्धको सूचीमा पर्न सक्ने सम्भावना देखिएको छ।

यसअघि नै फेसबुक, स्न्यापच्याट, टिकटक र युट्युबजस्ता सामाजिक सञ्जालहरूमा बालबालिकालाई प्रतिबन्ध लगाइएको छ । अष्ट्रेलियाको ई-सुरक्षा आयोगका प्रमुख जुली इनम्यान ग्रान्टले थप १६ कम्पनीहरूलाई पत्र पठाई आफ्नो सेवा प्रतिबन्धको दायरामा पर्छ कि पर्दैन भन्ने 'आत्म-मूल्याङ्कन' गर्न निर्देशन दिनुभएको छ।

नयाँ सूचिमा पिन्टरेस्ट, लेगो प्ले, किक, स्टिमजस्ता सेवा प्रदायकहरू पनि परेका छन्। यी कम्पनीहरूले यदि आफ्नो सेवा बालबालिकालाई सुरक्षित रहेको दाबी गर्न चाहन्छन् भने त्यसको प्रमाणसहितको निवेदन दिनुपर्ने हुन्छ ।इनम्यान ग्रान्टले भन्नुभयो,"केही सेवाहरू स्पष्ट रूपमा



प्रतिबन्धको दायरामा पर्छन्, तर हामी सबै कम्पनीलाई न्यायपूर्ण प्रक्रिया दिनेछौं । सबै पक्षलाई सुनिनेछ।"

**प्राथमिकतामा बढी प्रयोग हुने प्लेटफर्महरू**

नियामक निकायले सुरुवाती चरणमा सबैभन्दा बढी प्रयोगकर्ताहरू भएका प्लेटफर्महरूमा ध्यान केन्द्रित गर्ने बताएको छ, जहाँ बालबालिकामाथि हानिको जोखिम पनि बढी हुने गर्छ ।यद्यपि अष्ट्रेलिया इन्टरनेट प्रयोगमा बालबालिकाको सुरक्षाका लागि कानुनी पहलमा अगाडि देखिए पनि हालको कानुन कार्यान्वयन कसरी गर्ने भन्नेमा अस्पष्टता देखिएको छ। यसले विज्ञहरूमा यो कानुन व्यवहारमा लागू गर्न गाह्रो हुने भन्दै चिन्ता उत्पन्न गराएको छ।

यदि कुनै कम्पनीले नियमको उल्लङ्घन गर्‍यो भने, ई-सुरक्षा आयोगले ती कम्पनीलाई चार करोड ९५ लाख अष्ट्रेलियन डलरसम्म जरिवाना गर्न सक्नेछ ।कैयौं सामाजिक सञ्जाल कम्पनीहरूले भने यो कानुनलाई 'अस्पष्ट' र 'अव्यवस्थित' भनेर आलोचना गरेका छन्।

उमेर प्रमाणित गर्ने प्रणालीमा अन्योल

कसरी प्रयोगकर्ताको उमेर प्रमाणित गर्ने भन्ने विषयमा सरकार अझै स्पष्ट छैन। सरकारको निर्देशनमा गरिएको एउटा स्वतन्त्र अध्ययनले उमेर प्रमाणीकरण गोप्य, प्रभावकारी र सरल रूपमा गर्न सकिने देखाए तापनि एउटै उपाय सबै प्लेटफर्ममा लागू गर्न नसकिने उल्लेख गरिएको छ।

बालबालिकाको सुरक्षाका लागि अन्य कडा नियम ई-सुरक्षा आयोगले यसै वर्षदेखि केही नयाँ नियमहरू लागू गर्दैछ, जसले 'कानुनी तर हानिकारक' सामग्रीहरूबाट बालबालिकालाई जोगाउने प्रयास गरिनेछ।

यसै सन्दर्भमा, रोब्लक्सले अष्ट्रेलियामा बालबालिकालाई अनलाइन दुर्व्यवहारबाट जोगाउन केही कडाइ अपनाउने निर्णय गरेको छ।

# धवलागिरिका ४४० घरमा खानेपानी सुविधा विस्तार

म्याग्दी । धवलागिरि गाउँपालिकामा यस वर्ष निर्माण सम्पन्न भएका दुईवटा योजनामार्फत चार सय ४० घरपरिवार लाभान्वित भएका छन् ।धवलागिरि गाउँपालिका-७ को मच्छिम, शिवाङ र



हिलापोखरीमा तीन सय २३ तथा वडा नं ६ मा पर्ने राम्चे, मराङबैंसी र कुम्रीका एक सय १७ घरमा खानेपानी सुविधा विस्तार भएको हो ।

गाउँपालिकाका प्राविधिक शाखाका प्रमुख लोकेन्द्र रावलले ठेक्कामार्फत निर्माण भएका दुईवटै योजनामा रु दुई करोड ३२ लाख पाँच हजार ८४ खर्च भएको बताउनुभयो । आयोजना प्रभावित दुईवटा वडाका छवटा टोलका सबै घरमा खानेपानी वितरणका लागि मिटरसहितको धारा निर्माण भएको छ । मुहान, ट्याङ्की, मुख्य र शाखा पाइप लाइन निर्माण गरेर घरघरमा सफा र स्वच्छ खानेपानी आपूर्ति हुने व्यवस्था मिलाइएको छ ।

घरघरमा खानेपानी सुविधा भएपछि स्थानीयवासीलाई समयको बचत र पानी ओसार्ने हुने झन्झट हटेको धवलागिरि गाउँपालिका-६ का लाल केसीले बताउनुभयो । यसअघि सार्वजनिक धाराबाट खानेपानी उपभोग गर्दै आएका थिए ।

मच्छिम, शिवाङ, हिलापोखरी खानेपानी योजनामार्फत मच्छिमको शिरमा रहेको बञ्चरेमा मुहानबाट पानी ल्याएर वितरण भएको छ । यो योजनाका लागि रु एक करोड ३६ लाख ३४ हजार ३११ खर्च भएको छ ।रु एक करोड १३ लाख ४९ हजारमा आर्थिक वर्ष २०७८/७९ मा ठेक्का सम्झौता र यस वर्ष सकिएको मराङको खानेपानी योजनामा रु एक करोड सात लाख ५२ हजार २१२ भुक्तानी भएको छ । मराङ खानेपानी योजनाबाट खानेपानी वितरण भइसकेको छ ।

मच्छिम, शिवाङ, हिलापोखरी खानेपानी योजनाको संरक्षणको परीक्षण सफल भए पनि प्रयोगमा आएको छैन । धवलागिरि गाउँपालिका-७ का वडाध्यक्ष अशोक खत्रीले उपभोक्ता समिति गठन गरेर योजना हस्तान्तरण र बर्खा सकिएपछि सञ्चालन गरिने बताउनुभयो ।रासस

# दसैँमा तीन नेपाली चलचित्र प्रदर्शन हुने

काठमाण्डु । दसैँ लक्षित तीन नेपाली चलचित्र प्रदर्शनमा आउने भएका छन् । चलचित्रहरु ‘हरिबहादुरको जुत्ता’ , ‘माइतीघर’ र ‘बलिदान’ प्रदर्शनमा आउने भएका हुन् । यी तीनै चलचित्र आगामी दसैँलाई लक्षित गरी फूलपातीको दिन (असोज १३) देखि नेपालसँगै विदेशमा समेत प्रदर्शन हुने जनाइएको छ ।

चलचित्र ‘माइतीघर’ तामाङ संस्कृतिमा आधारित सामाजिक विषयमा निर्माण गरिएको निर्माण पक्षले जनाएको छ । मिलन तामाङले निर्देशन गर्नुभएको सो चलचित्रमा केदार घिमिरे, उपासनासिंह ठकुरी, धीरज मगर, प्रकाश सपूतलगायतका कलाकारले अभिनय गरेका छन् ।

सोही मितिमा प्रदर्शन हुने अर्को चलचित्र ‘हरिबहादुरको जुत्ता’ अभिनेता हरिवंश आचार्यमा केन्द्रित छ । अभिनेता आचार्यले टेलिशृ्ङ्खला र रङ्गमञ्चमा निर्वाह गर्नुभएको चर्चित पात्र ‘हरिबहादुर’ लाई यसपटक चलचित्रमा ल्याउनुभएको हो । चलचित्रमा भिन्न हरिबहादुरसँग दर्शक परिचित हुने अभिनेता आचार्यको भनाइ छ ।उहाँले भन्नुभयो, “हरिबहादुरका रुपमा शृ्ङ्खला र मञ्चमा प्रस्तुत भएको छु । यसपटक चलचित्रमा त्यही पात्रलाई ल्याउँदा फरक गरेको छु । यसपटक हरिबहादुरले हँसाउनेसँगै रुवाउँछ पनि । सामाजिक विकृतिलाई उक्त पात्रले व्यङ्ग्य गरेको छ । यसमा पारिवारिकसँगै देशको अवस्थालाई पनि चित्रण गरेका छौँ । ती सब घटनाक्रम




हरिबहादुर पात्रमार्फत देखाएका छौँ ।”

उक्त चलचित्रको पटकथा स्वयम् अभिनेता आचार्यले लेख्नुभएको हो । निर्देशक दीपेन्द्रकुमार खनाल निर्देशित सो चलचित्रमा अभिनेता आचार्यसँगै स्वस्तिमा खड्का, प्रकाश सपुत, प्रियङ्का कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेललगायतका कलाकारले अभिनय गरेका छन् ।

निर्माता सन्तोष सेनले निर्देशन गर्नुभएको चलचित्र ‘बलिदान’मा अभिनेता समीर भट्टको अभिनय छ । भट्टले अभिनय गर्नुभएको यो दोस्रो चलचित्र हो । दक्षिण भारतीय चलचित्रझैँ तयार गरिएको यो चलचित्रको कथावस्तु विशेषत द्वन्द्व प्रधान रहेको जनाइएको छ । कथावस्तुभन्दा प्रस्तुतीकरणमा ध्यान दिइएको उक्त चलचित्रमा ऋचा शर्मा, अर्पण थापालगायतका कलाकारले अभिनय गरेका छन् ।

पछिल्ला वर्षहरूमा चाडपर्वमा नेपाली चलचित्र दर्शकको रोजाइमा पर्दै आएका छन् । खासगरी पारिवारिक र सामाजिक विषय केन्द्रित चलचित्रमा दर्शकको बाक्लो उपस्थिति देखिन्छ । सोही कारण यो दसैँमा तीन चलचित्रले प्रदर्शन मिति तय गरेका हुन् । बिदाको समयमा चलचित्रले राम्रो प्रतिक्रिया पाएमा त्यसको व्यापार बढ्ने अपेक्षाले चाडपर्व केन्द्रित प्रदर्शन हुने क्रम बढेको चलचित्र निर्माता तथा नेपाल चलचित्र सङ्घका पूर्वअध्यक्ष प्रदीपकुमार उदयले बताउनुभयो ।

“कथावस्तु राम्रो नहुने हो भने बिदामा पनि चलचित्रको व्यापार कमजोर नै भएको पाइन्छ । तर, दर्शकले चलचित्र राम्रो छ भने प्रचार गर्ने गरी मन परेमा त्यसको व्यापार सामान्य समयभन्दा बिदा भनौँ वा चाडपर्वमा धेरै हुन्छ ”, उहाँले भन्नुभयो । उहाँले नेपालमा रहेको ‘मल्टीप्लेक्स’ बाहेकका चलचित्र भवनले शो सङ्ख्या सुरुआती समयमा धान्न कठिनाई देखिए पनि विस्तारै दर्शकको रोजाइअनुसार शो बाँडफाँट हुने बताउनुभयो । गत वर्ष दसैँमा प्रदर्शन भएका तीन चलचित्रले ४० करोडको हाराहारीमा व्यापार गरेपछि यो दसैँमा पनि चलचित्रकर्मी हौसिएका छन् ।रासस

# दसैँ सुरु भएसँगै बेसी झर्न थाले भेडीगोठ

ढोरपाटन । दसैँ नजिकिएसँगै लेकबाट भेडीगोठ बेसी झन थालेका छन् । वर्खायाममा करिब चार महिना लेकमा बस्ने गोठला आफ्ना वस्तुभाउ लिएर बेसी झर्न थालेका हुन् ।

जेठ दोस्रो सातादेखि लेक उक्लिने गोठालाहरु दसैँको पहिलो दिन घटनस्थापना सुरु भएसँगै बेसी झर्न थालेका हुन् । महिनौँ लेकमा बसेका गोठलाहरु परिवारसँग भेट्ने आशा बोकेर बेसी झरि रहेका छन् । बागलुङको निसीखोला, ढोरपाटन, तमानखोलालगायत क्षेत्रबाट स्थानीय वर्खाको समयमा वस्तुभाउ लिएर लेक उक्लिने गर्छन् ।

गोठालाहरु ढोरपाटन सिकार आरक्ष क्षेत्रमा पर्ने टीकाधारा, फागुने, गर्पाछेडा, स्याचुङसहित निसीखोलाको रिग, खोलाखानी, तिलाचन र तमानखोलाको सोलेडाँडालगायत क्षेत्रमा पुग्ने गर्छन् । ती क्षेत्रहरु समुन्द्री सतहदेखि तीन हजारदेखि चार हजार पाँच सय मिटरको उचाइसम्म पर्छन् । लेकबाट भेडीगोठ बेसी झर्न थालेपछि बेसी क्षेत्रमा गोठालाको चहलपहल बढेको छ । पश्चिम बागलुङका धैरै किसान पशुपालनमा आबद्ध रहेका छन् । चार महिनापछि बेसी झरेका गोठालालाई ठूलो पर्व नै आएको छ ।

महिनौँ परिवारसँग टाढिएका उनीहरु अब आगामी जेठ महिनासम्मसँगै हुने छन् । एकै परिवारले दुई सयदेखि एक हजार बढीसम्म भेडा पाल्दै आएका छन् । गोठालाहरु हप्तौँको यात्रा गरेर बुकी चढ्ने र बेसी झर्ने गर्छन् । बेसीमा भन्दा बुकी क्षेत्रमा भेडाबाख्राका लागि चरन क्षेत्र र पोषिलो घाँस पर्याप्त पाइने हुँदा जेठदेखि नै लेक चढ्न थाल्छन् ।

यतिबेला ढोरपाटन उपत्यका, पातीहाल्ने, सोलेडाँडा, भर्कोबाङलगायत क्षेत्रमा भेडाको ठूलो बथान भेटिन्छन् । यो समय भेडाबाख्रा बेच्ने सिजन भएको हुँदा गोठालाहरु बेसी झरेर बजार तिर लाग्ने गर्छन् । बेसी झरेका गोठालेहरु अब केही दिनमै मुख्यमुख्य सहरसम्म हप्तौँ दिन हिँडेर भेडाबाख्रा बेच्न जाने गर्छन् । दसैँका लागि भेडा च्याङ्ग्रा बेचेर खर्च जोहो गर्छन् । निसीखोला गाउँपालिका-६ का कुमानसिंह विश्वकर्माले तीन महिना २३ दिनमा लेकबाट फर्किएको बताउनुभयो । आफ्ना दुई सय बढी भेडा रहेको सुनाउँदै छिटो झर्दा घाँस पुऱ्याउन समस्या हुने गरेको उहाँको भनाइ छ । चार महिनालाई पुग्ने खर्च पहिले नै लिएर लेक उक्लिएको विश्वकर्माले सुनाउनुभयो ।

उहाँले भन्नुभयो, “हाम्रा बाउबाजेले यहीँ पेशा गरे, हामीहरुले यसलाई निरन्तरता दिँदै आयौँ, तर हाम्रो छोरानातीले भेडा




गोठाला बन्न चाहेनन्, उनीहरुले पढ्ने लेख्ने भए, विदेश जाने भए, जेठ असारमा लेक उक्लिने र असोजमा बेसी झर्ने त हाम्रो लागि संस्कृति नै भयो, यो साल मात्रै होइन हामीहरु हरेक वर्ष वर्खामा लेक उक्लिने र हिउँद सुरु भयो भने बेसी झर्ने गर्छौँ, घर परिवारसँग महिनौँ दिन टाढा भएर बस्न त मन हुँदैन तर के गर्ने गोठालाको बाध्यता यस्तै छ ।”

वर्खाभरी पोषिलो घाँस खाएर सप्रिएका खसी, बोका र भेडाको मूल्यसमेत राम्रो पर्ने हुँदा एउटै भेडापालक किसानले वार्षिक लाखौँ आम्दानी गर्ने गरेका छन् । बेसी झरिसकेका गोठालालाई बजारमा कुन-कुन खसी, बोका र भेडा लैजाने भनेर छनोट गर्न थालेका छन् । गोठालाहरु भेडा बेच्नका लागि केही बुर्तिवाङ, खर्बाङ, गुल्मीको रिडी, पाल्पा हुँदै बुटवलसम्म पुग्छ भने कोही गलकोट, बागलुङ, पर्वत हुँदै पोखरासम्म पुग्ने तयारीमा छन् । ढोरपाटन नगरपालिका-९ का तुलबहादुर पुनले लेकमा विस्तारै चिसो बढ्न थालेपछि बेसी झरेको बताउनुभयो ।

आफू असार ३ गते बुकीपाटन उक्लिएको सुनाउँदै चाडबाड मान्नका लागि हरके वर्ष घटस्थापनाका दिन बेसी झर्ने गरेको उहाँको भनाइ छ । “म यसरी लेकबेसी गरेर वस्तुभाउ पाल्न थालेको ४०/४२ वर्ष भयो, यो अवधिमा कात्तिकसम्म लेकमा बसेको छैन, लेकमा बस्दा धैरै समस्या हुन्छ, अब त विस्तारै जाडो बढ्न थाल्यो, भेडाबाख्रा मर्छन्, दसैँ अल्ली पछाडि हुँदा असोज २०/२२ तिर झर्थ्यौ अहिले त अलि छिटै पऱ्यो”, उहाँले भन्नुभयो, “असारमा गएपछि म तीज बेला एकपटक घरमा झरेको थिएँ, पटक-पटक आउजाउ गर्ने गाह्रो हुन्छ, नजिक छैन लेक त्यहीँ भएर खर्च पर्च एकै पटक लिएर जाने र दसैँ मनाउन आउने गर्छौँ ।”

लेकबाट वस्तुभाउ बेसी झरेपछि तल्लो क्षेत्रमा चहलपहल बढेको छ । जसले दसैँको माहोल बढाएको छ । निसीखोला-६ का कुलबहादुर घर्तीले डेढ सय भेडा बेसी झारी सकेको सुनाउँदै ५५ वटा गाई अझै लेकमा रहेको बताउनुभयो । गाई लिनका लागि एक जना आफन्तलाई लेक पठाएको उहाँको भनाइ छ । गाई १३ गतेसम्म बेसी झारी सक्ने घर्तीले सुनाउनुभयो ।रासस

# फेरियो लोपोन्मुख राउटेको जीवनशैली



दोधारा चाँदनी । कुनै समय जङ्गलमा गिठा, तरुल, कन्दमूल आदि आहाराको भरमा जीवन निर्वाह गर्ने राउटेहरु यतिबेला अन्य जातिसँगै समाजमा घुलमिल हुन थालेका छन् । जङ्गलमा रहँदा काठका सामग्री बनाउन नपाएपछि उनीहरु यतिबेला सरकारले दिने सामाजिक सुरक्षा भत्ताको भरमा जीवन निर्वाह गरिरहेका छन् ।

कञ्चनपुरको भीमदत्त नगरपालिका-९ स्थित टुँडिखेलका बडसिंहराउटेलेआफूहरुसमुदायमा हुने हरेक क्रियाकलापमा सहभागी हुन थालेको बताउँछन् । “सरकारले हामीलाई जङ्गलबाट बस्तीमा ल्यायो, मासिक रुपमा भत्ता दिने गरेको छ, मेरो सीपअनुसार काम नपाएपछि सरकारले दिने भत्तामा बाच्नुपरेको छ”, उहाँले भन्नुभयो ।जङ्गलमा बस्दा काठबाट विभिन्न सामग्री बनाएर जीविकोपार्जन गर्ने राउटे समुदाय बस्तीमा बस्न थालेपछि जङ्गलबाट काठ ल्याउन नपाएको उहाँको भनाइ छ । जङ्गलबाट फर्किएर अन्य नागरिक जस्तै जीवन बिताउन थाले पनि सीप अनुसारको काम नपाउँदा समस्या भएको उहाँको गुनासो छ ।

“हाम्रा छोराछोरी पढे लेखेका छैनन् । सरकारले रोजगारीको व्यवस्था गरिदिनुपर्थ्यो”, राउटेले भन्नुभयो,“सरकारलेतीनमहिनामा रु चार हजारका दरले भत्ता दिन्छ । त्यसले मात्रै खाना लाउन खान पुग्दैन ।”समाजमा अन्य नागरिक सरह जीवन निर्वाह गरिरहेको भए पनि रोजगारीको समस्याका कारण छोरा भारत पसेको यहाँका किरीदेवी राउटेको भनाइ छ । “हामी समाजमा घुलमिल त भएका छौँ तर रोजगारी नहुँदा समस्या भएको छ”, उहाँले भन्नुभयो, “भत्ताले दैनिकी चलाउन सकस परेपछि छोरा रोजगारीका लागि भारत गएको छ ।”

उहाँले जङ्गली जीवनभन्दा समुदायमै राम्रो लाग्ने गरेको बताउनुभयो । “जङ्गली जीवन छोडेर अन्य नागरिक जस्तै बस्न थालेका छौँ यहीँ राम्रो लाग्छ”, उहाँले भन्नुभयो, “सरकारले हामीलाई आयआर्जन हुने कुरामा जोडिदिएको भए राम्रो हुन्थ्यो ।” करिब पाँच लाख जनसङ्ख्या भएको कञ्चनपुरमा तीन परिवार मात्रै राउटे समुदायको बसोबास छ । दार्चुलाको लालीबाट डडेल्धुराको जोगबुढा हुँदै कञ्चनपुरको टुँडिखेल बसाइ सरेका राउटेहरु परम्परागत पेसाको विकल्प खोज्न थालेका छन् ।

“हाम्रो पूर्खाको जस्तो सीपले यहाँ गुजारा गर्न गाह्रो छ । गाउँघरमा पाइयो भने मजदुरीमा जाने गरेका छौँ”, अनिता राउटेले भन्नुभयो, “अहिलेको समय सुहाउँदो सीप सिकाएर सरकारले हामीलाई आत्मनिर्भर बनाउन लाग्नुपर्छ ।”जङ्गलमा बस्दा काठका भाँडाकुँडा अन्नसँग साटेर गुजारा गरेको छ । रासस


## गुठी तैनाथी पोखरी/जग्गा बहालमा लगाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना

**३५ औं दिने सार्वजानिक सूचना पहिलो पटक प्रकाशित मिति : २०८२/०६/०९ गते**

गुठी संस्थानको पूर्ण स्वामीत्वमा रहेको गुठी तैनाथी पोखरी/जग्गा तपसिलका पोखरी/जग्गा जे जस्तो अवस्थामा छ सोही आवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट ५ (पाँच) बर्षको लागी बहालमा ब्यवस्था गर्नु पर्ने भएकोले निम्न बमोजिमको पोखरी/जग्गाको सार्वजानिक सुचना प्रकाशीत गरिएको छ । विस्तुत विवरण यस कार्यालयको सूचना पाटी वा गुठी संस्थानको वेबसाइटमा समेत हेर्न सकिन्छ ।

www.guthisansthan.org.np

तपसिल

| सि. नं. | जिल्ला | गा.वि.स. न.पा. | वडा नं. | कि.नं. | क्षे.फ. | न्यूनतम मूल्याङ्कन एकशाला |
|---|---|---|---|---|---|---|
| १ | महोत्तरी | मटिहानी | ७ | १०२ | २-१०-१६१/२ | ४० मन धान जग्गा |
| २ | महोत्तरी | मटिहानी | ९ख | ४३५ | १-७-१६१/२ मखनहिया पोखरी | रु ८,४६,६००।- पोखरी थान तिन ( आँठ लाख छयालीस हजार छ सय मात्र) |
| ३ | महोत्तरी | मटिहानी | ९क | १७ | १-८-० झोकरहिया पोखरी | |
| ४ | महोत्तरी | मटिहानी | ६ | ११० | २-१४-१९१/२ निमकी डबरा | |
| ५ | महोत्तरी | रामगोपालपुर | ३ख | २३१ | ०-१७-१० | रु ४००००।- पोखरी (चालीस हजार मात्र) |

**गुठी संस्थान शाखा कार्यालय महोत्तरी, जलेश्वर**

**सम्पर्क नम्बरः– ०४४–५२००७४**



## औरही गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### देउरी परवाहा, धनुषा
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृतका लागि आशयको सूचना

**प्रकाशित मितिः २०८२/०६/०८**

यस कार्यालयबाट मिति २०८२/०२/११ गतेमा E–Bidding तथा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्काको बोलपत्र आव्हान गरिएको तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको विवरण | स्वीकृतको लागि छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (VAT र PS सहित) |
|---|---|---|---|---|
| १ | 04/NCB/ WORKS/ ARM/081/82 | Construction of Two Class Room Building Works | A.M. Construction And Engineering Consultancy Videah Muncipality-08, Dhanusha | 1655627.92/-(in words: Sixteen lakh fifty five thousand six hundrade twenty seven rupees and ninety two paisa only.) |

**प्रमुख प्रशासकीय अधिकृत**

# राजदेवी मन्दिरमा रोकिएन चोरीको घटना



**टुडे समाचारदाता**

जनकपुरधाम । दशमीमा अत्यधिक भीडभाड रहने गरेको जनकपुरधामस्थित राजदेवी मन्दिरमा यसपटक पनि महिलाहरुले लगाएको गरगहनासहित पर्सहरुसमेत चोरी हुने क्रम रोकिएको छैन ।

राजदेवी मन्दिरको दक्षिणतर्फको झ्यालबाट राजदेवी माताको दर्शन गर्न पुगेकी एक महिलाको लाइन लागेकै क्रममा गुपचुप रुपमा पर्स चोरी भएको छ । सो पर्समा ९ हजार रुपैयाँसहित केही सामग्रीहरु पनि रहेको ती महिलाले जानकारी दिइन् ।

महावीर युवा कमिटीको मातहतमा रही राजदेवी मन्दिरमा पूजाअर्चना हुँदै आएको छ । सो मन्दिरमा विगतमा पनि चोरीको घटनालाई रोक्नका लागि सिसिटिभी क्यामेरा जडान गरिए पनि दर्शनार्थीहरुको अनुहार पहिचान भएको छ । तर सिसिटिभी क्यामेरामा भने चोर समाउने गरी उक्त क्यामेरा जडान नगर्दा चोरले उन्मुक्ति पाएको भन्दै ती महिलाले गुनासो गरिन् ।

पीडित महिलाले महावीर युवा कमिटीमाथि नै प्रश्न खडा गर्दै उनीहरुमाथि नै चोरीको आरोप लगाइन् ।

गत वर्ष पनि राजदेवी मन्दिरमा महिलाहरुको अत्यधिक भीडभाड हुने स्थलबाटै करिब आधा दर्जनभन्दा बढी महिलाले लगाएको मंगलसुत्र, सुनको गरगहना र पर्सलगायतका विभिन्न सामग्रीहरु चोरी भएको थियो । सो गुनासोहरु प्रहरी कार्यालयसम्म पुगेपछि मन्दिरमा सिसिटिभी जडान गरिएको थियो । तर सो सिसिटिभी जडानको क्रममा चोरलाई समाउने भन्दा पूजाअर्चना गर्ने दृश्यसहितको भिडियोहरु कैद हुने गरेको छ । जसले गर्दा यस वर्ष पनि चोरीको घटनाले निरन्तरता पाए पनि स्थानीय प्रहरी र युवा क्लबको सुरक्षा व्यवस्था पनि प्रश्न खडा भएको एक श्रद्धालुले बताइन् ।

# डा. मिश्रलाई मन्त्री नियुक्ति रोक्ने प्रयासले असन्तुष्टि

“कोही व्यक्तिविरुद्ध अनुसन्धान भइरहेको विवरण गोप्य रहन्छ । अनुसन्धानको निष्कर्ष र अभियोजन प्रक्रियामा मात्र तथ्य सार्वजनिक हुन्छ । तर उहाँको हकमा मिडियामा ट्रायल भयो, जुन सर्वथा गलत छ ।”

**टुडे समाचारदाता**

जनकपुरधाम । डा. संगीता मिश्रलाई संघीय सरकारले अन्तिम समयमा मन्त्री नियुक्ति नगराएपछि मधेश प्रदेशमा अहिले असन्तुष्टि फैलिँदै गएको छ ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक अनियमितताको मुद्दा दर्ता भएको वा अनुसन्धान अन्तिम चरणमा पुगेको समाचार पूर्णतः निराधार रहेको जनाएको छ । आयोगका केन्द्रीय प्रवक्ता राजेन्द्र कुमार पौडेलका अनुसार विभिन्न मिडियामा फैलिएका दाबीहरू तथ्यहीन र भ्रामक रहेको स्पष्ट पारे ।

उनले भने, ‘अख्तियारले आधिकारिक रूपमा कहीँ पनि यस्तो कुरा भनेको छैन । म आफैं प्रवक्ता हुँ । तर, कसैले आधिकारिक जानकारी दिन निर्देशन दिएको छैन ।’ पौडेलले अघि थप्दैं भने, ‘डा. मिश्रसम्बन्धी मिडियामा आएका विषयहरू सत्य नभई केही स्वार्थी समूहको चासोका कारण उछालिएको देखिन्छ ।’ आयोगका अन्य स्रोतले पनि मिडियामा आएको अधिकांश सूचना भ्रामक रहेको र मिश्रको मन्त्री बन्ने बाटो रोक्न यसलाई हतियार बनाइएको आरोप लगाए ।


स्रोतका अनुसार डा. मिश्रविरुद्ध उजुरी परेर प्रारम्भिक अनुसन्धान भए पनि दुवै मुद्दामा ठोस प्रमाण पाइएको छैन । ‘कोही व्यक्तिविरुद्ध अनुसन्धान भइरहेको विवरण गोप्य रहन्छ । अनुसन्धानको निष्कर्ष र अभियोजन प्रक्रियामा मात्र तथ्य सार्वजनिक हुन्छ । तर उहाँको हकमा मिडियामा ट्रायल भयो, जुन सर्वथा गलत छ ।’

डा. मिश्र हालसम्म अतिरिक्त सचिव पदमा कार्यरत थिइन् । प्रधानमन्त्री सुशीला कार्कीले स्वास्थ्य क्षेत्रमा अनुभवसहित उनलाई मन्त्री बनाउन प्रस्ताव गरेपछि उनले अतिरिक्त सचिव पदबाट राजीनामा दिइन् । उक्त राजीनामा मन्त्रिपरिषदले स्वीकृत गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रीको लागि राष्ट्रपति कार्यालयमा पठाइएको थियो ।

तर नाम सिफारिस भएको जानकारी सार्वजनिक भएसँगै मन्त्रालयभित्रैबाट उनको नियुक्ति रोक्ने प्रयास भएको विभिन्न स्रोतले जनाएका छन् । स्वास्थ्य सामग्री आपूर्तिमा संलग्न व्यापारी र विचौलियाको प्रभावमा सचिव डा. विकास देवकोटा सक्रिय रहेको दाबी गरिएको छ । अघिल्लो सरकारले बरियताक्रम उल्लंघन गरी देवकोटालाई सचिव बनाएको र त्यतिबेला ठूलो रकमको कमिसन चलखेल भएको आरोपसमेत आएका थिए ।

त्यसैगरी तत्कालीन स्वास्थ्य मन्त्री प्रदीप पौडेल र देवकोटाले गरेका अनियमितताहरू ढाकछोप गर्न कांग्रेसका महामन्त्री गगन थापासहितको दबाबमा मिश्रलाई मन्त्री बन्न रोकिएको आरोप विभिन्न स्रोतहरूले लगाए ।

# धनुषाको आर्थिक कारोबार ठप्प



**टुडे समाचारदाता**

जनकपुरधाम । चालु आर्थिक वर्ष शुरु भएको दुई महिनादेखि नै धनुषाको कुनै पनि स्थानीय तहको बैंक खाता सञ्चालनमा आउन सकेको छैन ।

स्थानीय तहको खाता नखुल्दा सरकारी सेवादेखि विकास निर्माणका कार्यहरू ठप्प भएको छ ।

खाता सञ्चालनमा नआएका कारण स्थानीय तहमा कार्यरत कर्मचारीहरूले अझै तलबभत्ता पाएका छैनन् भने बजेट खर्चसम्बन्धी कुनै पनि आर्थिक गतिविधि हुन सकेको छैन ।

कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषाले जनाए अनुसार जिल्लाका सबै १८ वटा स्थानीय तह एक उपमहानगरपालिका, ११ नगरपालिका र ६ गाउँपालिकाको खाता हालसम्म सञ्चालनमा आउन सकेको छैन ।

स्थानीय तहको खाता सञ्चालनका लागि नगरसभा वा गाउँसभा सम्पन्न गर्नुपर्ने, आर्थिक र विनियोजन विधेयक पारित गर्नुपर्ने, चालु वर्षको बजेट पारित गर्नुपर्ने तथा अघिल्लो वर्षको खर्चको हिसाब बुझाएर खाताहरू मिलाउनुपर्ने कानुनी व्यवस्था छ । तर धनुषाका अधिकांश स्थानीय तहहरूले यी आधारभूत प्रक्रिया नै पुरा नगरेका कारण खाता बन्द अवस्थामा छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तथ्यांकले जनाएअनुसार जिल्लाका १८ स्थानीय तहमध्ये १० वटा स्थानीय तहले चालु आर्थिक वर्ष २०८२/०८३ को बजेटसमेत अहिलेसम्म पेस गरेको छैन ।

खाता नखुल्दा स्थानीय विकास योजनाहरू पनि पूर्ण रूपमा ठप्प भएका छन् । सडक मर्मतदेखि सार्वजनिक भवन निर्माण, खानेपानी, ढल व्यवस्थापनलगायतका कार्य अघि बढ्न सकेको छैन ।

# चोरीका गरगहना खरिद नगर्न प्रहरीको आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । जेन- जी आन्दोलनको क्रममा विभिन्न स्थानमा भएको तोडफोड, आगजनी र लुटपाटको घटनाका कारण अहिले बजारमा चोरीका गहना र अन्य सामग्रीहरू बिना बिलबिजक किनबेच भइरहेको सूचना मधेश प्रहरीले पाए पछि सर्वसाधारणलाई किनबेच नगर्न आग्रह गरेको छ ।



भदौं २३ र २४ गते मधेश प्रदेशका विभिन्न स्थानहरूमा भएको प्रदर्शनका क्रममा तोडफोड, आगजनी र लुटपाटका घटनाहरूमा संलग्न व्यक्तिहरूले चोरीका सामग्रीहरू बजारमा बिक्री गर्न सक्ने आशंका गरिएको छ ।

मधेश प्रदेशका प्रहरीको अनुसार जनकपुरधामलगायतका क्षेत्रमा भएका उग्र आन्दोलनको क्रममा सरकारी तथा निजी सम्पत्तिहरूमा व्यापक क्षति पुर्याइएको थियो । प्रहरी प्रमुख डिआइजी उमा प्रसाद चतुर्वेदीले जानकारी दिए । उनका अनुसार विभिन्न प्रतिष्ठान, बैंक, वित्तीय संस्था तथा अन्य कार्यालयहरूबाट महत्वपूर्ण कागजात, ऐतिहासिक दस्तावेज, बहुमूल्य गरगहना, नगद रकम र अन्य जिन्सी सामग्रीहरू लुटिएको सूचना प्राप्त भएको प्रदेश प्रहरीले जनाएको छ ।

प्रदेश प्रहरीले आन्दोलनको क्रममा तोडफोड र लुटपाटमा संलग्न व्यक्तिहरूले चोरीका सामग्रीहरू लुकाइछिपाइ अवैध रूपमा किनबेच गर्न सक्ने सम्भावना उच्च रहेको जनाएको छ । यस्तो अवस्थामा कुनै पनि व्यक्ति वा व्यवसायीले बिलबिनाको गरगहना वा अन्य सामग्री खरिद गरेमा उनीहरू कानुनी कारबाहीको दायरामा पर्ने प्रदेश प्रहरीले जनाएको छ ।

त्यस्तै प्रदेश प्रहरीले आधिकारिक बिक्रेताबाट प्रमाणित बिलसहित मात्र सामान खरिद गर्न आग्रह गरेको छ । कुनै पनि शंकास्पद वस्तु किनबेच गर्नु मुलुकी अपराध संहिता अन्तर्गत गम्भीर दण्डयोग्य अपराध मानिने भन्दै सर्वसाधारणलाई चेतावनीयुक्त सूचना जारी गरेको छ ।

# संघीयता सबलीकरणको लागि संकल्प प्रस्ताव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभामा संघीयता सबलीकरणको लागि संकल्प प्रस्ताव दर्ता गरिएको छ ।

जसपा नेपाल मधेश प्रदेशका प्रमुख सचेतक राम सचेतक कुमरकान्त झा, जनमत पार्टी मधेश प्रदेशका संसदीय दलका प्रमुख सचेतक चन्दन कुमार सिंह, नेकपा माओवादी केन्द्र मधेश प्रदेशकी प्रमुख सचेतक सुनिता यादव, लोसपा नेपालकी रमिता प्रधान, नेकपा



अशिष यादवले प्रस्ताव गरेको संघीयता सबलीकरणको लागि संकल्प प्रस्तावमाथि सबै दलले समर्थन गरेको छ ।

संघीयताको रक्षा र संविधानमा उल्लेखित अधिकारका लागि चार बुँदे उक्त संकल्प प्रस्तावमाथि नेकपा एमाले मधे प्रदेशका संसदीय दलका प्रमुख सचेतक हरिनारायण महतो, नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका प्रमुख एस मधेश प्रदेशका संसदीय दलका प्रमुख सचेतक कनिश पटेलले समर्थन गरेका छन् ।

उक्त प्रस्तावमाथि प्रदेशसभामा छलफल भइ पारित हुने बताइएको छ ।

संघीय संरचनाहरुलाई कमजोर पार्ने प्रयाशहरुको विरोध गर्दै संविधानमा स्थापित अधिकार रक्षाका लागि संकल्प प्रस्ताव दर्ता गरिएको प्रमुख सचेतक यादवले जानकारी दिए ।

# बस-ट्रकसँग ठोकिँदा ७ जना घाइते

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीस्थित पूर्व-पश्चिम राजमार्ग अन्तर्गत बाँके जंगलमा रात्रि बस र ट्रक ठोक्किँदा सात जना घाइते भएका छन् ।



बाँके जंगलस्थित ईश्वरपुर नगरपालिका-१३ मा बुधबार काठमाण्डुबाट विराटनगरका लागि छुटेको बागमती प्रदेश ०१-००६ ख ६३०६ नम्वरको रात्रि बस र महोत्तरीको बर्दिवासबाट चामल बोकेर भैरहवातर्फ हिँडेको ना ६ ख २९२८ नम्वरको ट्रक आपसमा ठोक्किएका जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीका प्रमुख एवं ट्राफिक प्रहरी निरीक्षक रजोश घिमिरेले जानकारी दिए ।

उक्त दुर्घटनामा मोरडको विराटनगर महानगरपालिका-४ की २९ वर्षीया सविक्षा राई, मोरडको रंगेली नगरपालिका-९ की ४० वर्षीया लालकुमारी श्रेष्ठ, उनकी छोरी १५ वर्षीया युनिष्का राउत, विराटनगर महानगरपालिका-३ की ३९ वर्षीया सविता रेग्मी, उनकी छोरी आठ वर्षीया प्रिसा भट्टराई, भारतको बिहार कटैया पञ्चायत वडा नं. ३ दरभंगा घर भइ हाल काठमाण्डुको त्रिपुरेश्वर बस्ने रामशरण मण्डल र मोरडको सुन्दरहरैचा नगरपालिका-९ की ५२ वर्षीया लोकबहादुर विक घाइते भएका छन् ।

घाइते एक जनाको लालबन्दी र छ जनाको बर्दिवासमा उपचार भइरहेको सर्लाही प्रहरीले जनाएको छ । दुर्घटनामा परेको रात्रि बस मुग्लिन-नारायणगढ सडकमा तीन दिन जाममा परेर आज बल्ल छुटेर विराटनगरतर्फ गइरहेका बेला ट्रकसँग ठोक्किएको जनाइएको छ ।

उक्त बसमा ३९ जना यात्रु सवार रहेका थिए । आपसमा ठोक्किएपछि ट्रक र बस आ-आफ्नो साइडमा पल्टिएका छन् ।

पानी परिरहेको बेला दुर्घटना भएपछि राजमार्गमा यात्रा गरिरहेका यात्रु र प्रहरी भएर घाइतेको उद्धार गरेका थिए ।

दुर्घटनास्थलमा पुगेका इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक वीरेन्द्रसिंह जोहारीले बसका यात्रुहरुको सरसामग्री प्रहरी चौकी फूलजोरमा ल्याएर राखिएको र यात्रु तथा उनीहरुको आफन्त सम्पर्कमा आएर धमाधम आ-आफ्नो सरसामग्री बुझेर लगिरहेका लगेको बताइएको छ ।

इन्स्पेक्टर जोहारीले दुर्घटनामा परेका दुबै सवारी साधन घटनास्थलमै रहेको बताए ।

# महिनौंदेखि कर्मचारीले तलब पाएनन्

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको पकहाँ मैनपुर गाउँपालिकाको गाउँपरिषद हुन नसक्दा कर्मचारीलगायतका कसैले पनि तलब भत्ता तथा सेवासुविधा पाउन सकेका छैनन् ।



पालिकाको कार्यालयमा करार र ज्यालादारीमा कार्यरत ६५ भन्दा बढी कर्मचारीले विगत ६ महिनादेखि तलब पाउन सकेका छैनन् । पालिकाका अध्यक्षकै कारण अहिले दशमीमा पनि उनीहरू तलब भत्ता पाउनबाट बञ्चित भएको बताइन्छ ।

गाउँपालिका अध्यक्ष सुरेश मेहताको अडानका कारण गत असारमै हुनुपर्ने गाउँ परिषद् अहिलेसम्म पनि हुन नसक्दा आफूहरूले गत चैतदेखि तलब भत्ता पाउन नसकेको कर्मचारीहरूले गुनासो गरेका छन् ।

पकहाँमैनपुर गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ का लागि संघीय सरकारले विकास खर्चतर्फ ८ करोड ६५ लाख रुपैयाँ छुट्याए पनि अध्यक्ष मेहताले एकलौटी ढंगले १६ करोडको बजेट सूत्रमा राख्नुपर्ने अडान लिँदै आएकाले परिषदमा ढिलाइ भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहले बताए ।

उनले पालिकामा आएको बजेटभन्दा दोब्बरको योजना बनाउँदा कामको भुक्तानी असम्भव हुने स्पष्ट हुँदा हुँदै पनि अध्यक्ष मेहताले बारम्बार बैठक छाड्ने र सहमति नखोज्ने प्रवृत्तिले समस्या गहिरिएको बताए ।

उनले करार र ज्यालादारीका कर्मचारीले विगत ६ महिनादेखि तलब नपाउँदा चाडबाडमै आर्थिक संकट झेल्न बाध्य भएको बताए ।

उक्ता पालिकाको वडा नम्बर १ का वडाध्यक्ष विनोद मेहताले पालिका अध्यक्ष मेहताको व्यक्तिगत स्वार्थ र हठकै कारण गाउँपालिकालाई अनिर्णयको बन्दी बनाएर सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीलाई दुःख दिएको आरोप लगाए । उनले संघीय सरकारले छुट्याएको ८ करोड ६५ लाख मध्ये ५ वटा वडाका लागि ८०-८० लाख गरी ४ करोड, गाउँपालिका उपाध्यक्षलाई १ करोड २० लाख र गाउँपालिका अध्यक्षलाई ३ करोड ४५ लाख रुपैयाँ बराबरको योजना दिने सहमति भएको थियो । तर गाउँपालिका अध्यक्ष मेहताले त्यसलाई नमान्दै १६ करोड रुपैयाँको योजना शीर्षकमा राख्नुपर्ने दबाब दिँदा गाउँ परिषद् अहिलेसम्म पनि हुन नसकेको बताए ।

त्यस्तै गाउँ परिषद्समेत लामो समयदेखि नबोलाइएको भन्दै पालिका उपाध्यक्षसहित ५ वटै वडाध्यक्षले लिखित रूपमा परिषद् बोलाउन माग गरेका छन् । तर गाउँपालिका अध्यक्ष मेहताले अहिलेसम्म स्पष्ट मिति नतोकेका कारण गाउँपालिकाका सम्पूर्ण काम नै ठप्प छ ।

**जेष्ठ नागरिकको सम्मान गरौं ।**

**जेष्ठ नागरिक अनुभव र ज्ञानका भण्डार हुन्ः**

- जेष्ठ नागरिकको भूमिकालाई परिवार र समाजमा महत्व दिऔं,
- निर्णय प्रक्रियामा समावेश गराऔं,
- स्वास्थ्य र सुरक्षा सुनिश्चित गरौं,
- एक्लोपन हटाउन संगै समय बिताउने गरौं,
- सामाजिक र साँस्कृतिक कार्यक्रममा सहभागी गराऔं,
- आर्थिक रुपमा सहयोग र सुरक्षा उपलब्ध गराऔं,
- अधिकार र स्वाभिमानको रक्षा गरौं,
- सद्भाव र माया बढाई परिवार र समाजको अभिन्न हिस्सा बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८